# आर्थिक वर्ष २०६९/७० को बजेटको वार्षिक प्रगति मुल्याङ्कन प्रतिवेदन

नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरवार
२०७० पौष

# अनुसूचीहरु

## मन्तब्य

आर्थिक वर्ष २०६९/७० नेपालको बजेटको इतिहासमा असहज वर्षको रूपमा रह्यो। संविधानसभा व्यवस्थापिका संसदको विघटन भई राजनीतिक सहमति जुट्न नसक्दा सरकारले एकै आर्थिक वर्षमा ३ वटा अध्यादेश मार्फत खर्च व्यवस्थापन गर्नुपर्ने परिस्थिति सिर्जना भयो। राज्य सञ्चालन प्रक्रियामा अवरोध आउन नदिन र विकास निर्माणका क्रियाकलापलाई निरन्तरता दिन शुरूमा आर्थिक वर्ष २०६८/६९ मा भएको कुल व्ययको एक तृतीयांश बराबर र त्यसपछि कुल व्यय बराबरको रकम सञ्चित कोषबाट झिक्ने तथा विनियोजन गरी खर्च गर्ने अधिकारको व्यवस्था गर्न बनेको अध्यादेश मार्फत खर्च व्यवस्थापन गरियो।

वर्तमान सरकार गठन भएपछि अर्थतन्त्रलाई थप गतिशील तुल्याउन २०६९ चैत्र २७ गते पूर्ववत जारी भएका अध्यादेशलाई समायोजन गरी राजस्व र व्ययको अनुमान सहितको पूर्ण आकारको समायोजित बजेट ल्याइएको थियो। उक्त बजेटले संविधानसभाको निर्वाचनको लागि बजेट व्यवस्था गर्ने र अघिल्लो आर्थिक वर्षको बजेटले लिएको नीति तथा कार्यक्रमलाई नै निरन्तरता दिने मूल लक्ष्य लिएको थियो। तथापि यसमा केही नयाँ नीति तथा कार्यक्रम पनि समावेश भएका थिए। आर्थिक वर्ष समाप्त हुन तीन महिना मात्र बाँकी रहँदा ल्याइएको पूर्ण बजेटको वार्षिक समीक्षा गर्दा ठूलो उपलब्धिको अपेक्षा त गर्न सकिँदैन तथापि बजेटले निरन्तरता दिएका र नयाँ प्रस्तावित नीति तथा कार्यक्रमहरूको कार्यान्वयनको समीक्षा प्रस्तुत प्रतिवेदनले गरेको छ।

यस प्रतिवेदनमा बजेटका उपलब्धिहरूको मुल्याङ्कन, कार्यान्वयनको क्रममा महसुस गरिएका समस्या र चुनौती तथा आउने दिनमा गर्नुपर्ने सुधारका विषयलाई समेत विस्तृत रूपमा विश्लेषण गरिएको छ। प्रतिवेदनले औंल्याएका सुझावहरूलाई कार्यान्वयन गर्न सकिएमा सार्वजनिक खर्च व्यवस्थापनमा महत्वपूर्ण सुधार आउने मैले विश्वास लिएको छु।

अन्तमा विशेष परिस्थितिमा गठन भएको सरकारले विशिष्ट अवस्थामा प्रस्तुत गरेको बजेटको कार्यान्वयनमा सबै पक्षबाट भएको सहयोगको सराहना गर्दछु। राजस्व संकलन र विकास निर्माणको कार्यमा निरन्तर सहयोग गरिरहने निजी क्षेत्र र नेपालको विकास प्रयासमा सहयोग पुर्‍याउने विकास साझेदारहरूलाई समेत विशेष धन्यवाद दिन चाहन्छु। वार्षिक समीक्षा प्रतिवेदन तयारी कार्यमा संलग्न सबै राष्ट्रसेवक कर्मचारीहरूको योगदानलाई समेत प्रशंसा गर्न चाहान्छु।

धन्यवाद ।

शंकरप्रसाद कोइराला
मन्त्री

# मन्तव्य

बजेट सरकारको आर्थिक तथा वित्तीय नीतिको दस्तावेज हो। सरकारको आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रमलाई व्यवहारमा उतार्ने माध्यम पनि हो। बजेटले लिएका उद्देश्य हासिल भए भएनन, सो अनुरूपका नीति तथा कार्यक्रम कतिको प्रभावकारी ढंगबाट कार्यान्वयन गरिए, त्यसबाट के कस्ता उपलब्धि हासिल भए र कार्यान्वयनका क्रममा के कस्ता समस्याहरू देखिए यिनै विषयहरूमा केन्द्रित भएर बजेटको समीक्षा तथा मुल्याङ्कन गर्ने गरिन्छ। यसैको आधारमा आर्थिक वर्ष २०६९/७० को बजेटको वार्षिक मुल्याङ्कन प्रतिवेदन तयार गर्ने कार्य भएको छ।

सार्बजनिक खर्च व्यवस्थापनको दृष्टिकोणले आर्थिक वर्ष २०६९/७० निकै चुनौतीपूर्ण रह्यो। समयमा बजेट आउन सकेन। एकै आर्थिक वर्षमा तीन वटा अध्यादेश मार्फत बजेट ल्याई खर्च व्यवस्थापन गरियो। जसले गर्दा वार्षिक बजेटको विनियोजन र कार्यान्वयनमा कुशलता, दक्षता, पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्दै वित्तीय अनुशासन कायम गरी आर्थिक स्थायित्व कायम गर्ने कार्य थप चुनौतीपूर्ण रह्यो। अधिकाँश आर्थिक परिसुचक सन्तोषजनक रहँदा रहँदै पनि ती परिसुचकहरूलाई तिव्र आर्थिक वृद्धि गर्ने तर्फ कुशलता पुर्वक उपयोग गर्न नसकिनु, पुँजीगत खर्चमा वृद्धि हुन नसक्नु तथा चालु खर्चलाई नियन्त्रणमा राख्न नसकिनु, मध्यमकालिन खर्च संरचनाका आधारमा आयोजना तथा कार्यक्रमहरूको प्राथमिकीकरण नहुनु जस्ता प्रमुख समस्याहरू कायमै रहे। यसका वावजुद पनि विभिन्न मन्त्रालयहरूले विनियोजित बजेटको परिधिभित्र रही हासिल गरेको प्रगति, राजस्व संकलनमा भएको वृद्धि र अर्थ मन्त्रालयले कठिन अवस्थामा पनि स्रोत व्यवस्थापन गर्न सक्नुलाई महत्वपूर्ण उपलब्धिको रूपमा लिन सकिन्छ।

वर्तमानमा हासिल भएका उपलब्धिहरूलाई कायमै राखी आगामी दिनमा माथि उल्लेख गरिएका समस्याहरूलाई दोहोरिन नदिन थप प्रयास हुन जरूरी छ। साथै वार्षिक मुल्याङ्कन प्रतिवेदनले औंल्याएका सुझावहरू वार्षिक बजेटले लिने नीति तथा कार्यक्रमहरूमा सुधार गर्न पृष्ठपोषणको रूपमा सहयोगी हुने विश्वास लिएको छु।

अन्तमा आर्थिक वर्ष २०६९/७० को वार्षिक बजेट कार्यान्वयनको प्रगति मुल्याङ्कन प्रतिवेदन तयार पार्न संलग्न सबै कर्मचारीहरूलाई हार्दिक धन्यवाद दिन चाहान्छु।

धन्यवाद।

शान्तराज सुवेदी
सचिव

## विषय सूची

**विषय** **पाना नं.**


परिच्छेद १ ........ १
परिचय ........ ४
पृष्ठभुमि ........ ४
अध्ययनको औचित्त्यता ........ ४
अध्ययनको उद्देश्य ........ ४
अध्ययनको सीमा ........ ५
परिच्छेद २ ........ ६
देशको समष्टिगत आर्थिक तथा वित्तीय स्थिति ........ ६
१. समष्टिगत आर्थिक स्थिति ........ ६
२. सरकारी वित्त ........ ६
३. मुल्य तथा आपुर्ति ........ ९
४. मुद्रा तथा बैकिङ्ग ........ ९
५. धितोपत्र बजार ........ ९
६. बाह्य क्षेत्र ........ १०
परिच्छेद ३ ........ १३
वार्षिक खर्च विश्लेषण ........ १३
१. विनियोजन र खर्चको स्थिति ........ १३
२. नेपाल सरकार र बैदेशिक स्रोततर्फ खर्चको स्थिति ........ १४
३. खर्च शीर्षक अनुसार खर्चको स्थिति ........ १५
४. मन्त्रालयगत खर्चको स्थिति ........ १५
५. बैदेशिक सहायताको प्रतिबद्धताको स्थिति ........ १५
६. आन्तरिक ऋण ........ १६
७. नेपाल सरकारको केन्द्रीय कोषको स्थिति ........ १६
८. आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेटबीचको तुलना ........ १६
परिच्छेद ४ ........ १९
राष्ट्रिय गौरवका आयोजनाहरूको प्रगति ........ १९
१. मध्य पहाडी लोकमार्ग (पुष्पलाल लोकमार्ग) ........ १९
२. काठमाडौं-तराई मधेशद्रूतमार्ग ........ १९
३. हुलाकी राजमार्ग ........ १९
४. रेल तथा मेट्रो विकासआयोजना ........ १९
५. उत्तर-दक्षिण लोकमार्ग (कर्णाली, कालीगण्डकी तथा कोशी समेत) ........ २०
६. रानी जमरा कुलरिया सिंचाई आयोजना ........ २०
७. बबई सिंचाई आयोजना ........ २०
८. सिक्टा सिंचाई आयोजना ........ २१
९. मेलम्ची खानेपानी आयोजना ........ २२
१०. माथिल्लो तामाकोशी जलविद्युत आयोजना ........ २२
११. पश्चिम सेती जलविद्युत आयोजना ........ २२

१२. बुढी गण्डकी जलविद्युत आयोजना ........ २३
१३. निजगढ अन्तर्राष्ट्रिय विमानस्थल ........ २३
१४. भैरहवा क्षेत्रीय विमानस्थल ........ २३
१५. पोखरा क्षेत्रीय विमानस्थल ........ २३
परिच्छेद ५ ........ २४
बजेट वक्तव्यमा समावेश मुख्य मुख्य नीति तथा कार्यक्रमहरूको प्रगति समीक्षा ........ २४
१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः ........ २४
२. अर्थ मन्त्रालय ........ २५
३. उद्योग मन्त्रालय ........ २७
४. ऊर्जा मन्त्रालय ........ २८
५. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय ........ ३०
६. कृषि विकास मन्त्रालय ........ ३०
७. गृह मन्त्रालय ........ ३४
८. परराष्ट्र मन्त्रालय ........ ३५
९. भूमिसुधार तथा व्यवस्था मन्त्रालय ........ ३५
१०. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय ........ ३५
११. महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय ........ ३६
१२. युवा तथा खेलकुद मन्त्रालय ........ ३७
१३. रक्षा मन्त्रालय ........ ३७
१४. वन तथा भू-संरक्षण मन्त्रालय ........ ३७
१५. वाणिज्य तथा आपूर्ति मन्त्रालय ........ ३८
१६. विज्ञान प्रविधि तथा वातावरण मन्त्रालय ........ ४०
१७. शान्ति तथा पुनर्निर्माण मन्त्रालय ........ ४०
१८. शिक्षा मन्त्रालय ........ ४०
१९. श्रम तथा रोजगार मन्त्रालय ........ ४१
२०. सङ्घीय मामिला तथा स्थानिय विकास मन्त्रालय ........ ४१
२१. संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ........ ४२
२२. सहकारी तथा गरिबी निवारण मन्त्रालय ........ ४२
२३. सहरी विकास मन्त्रालय ........ ४३
२४. सामान्य प्रशासन मन्त्रालय ........ ४४
२५. सिंचाई मन्त्रालय ........ ४४
२६. सूचना तथा सञ्चार मन्त्रालय ........ ४५
२७. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ........ ४५
परिच्छेद ६ ........ ४६
समस्या र चुनौतीहरू ........ ४६
परिच्छेद ७ ........ ४८
सार्वजनिक खर्च व्यवस्थापनका सुधारका पक्षहरू ........ ४८
अनुसूचीहरु ........

## कार्यकारी सारांश

१. आर्थिक वर्ष २०६९/७० नेपालको छ दशकको बजेट इतिहासमा विशिष्ट वर्षको रूपमा रह्यो। यस वर्ष तीन पटक गरी विभिन्न समयमा बजेट प्रस्तुत भयो, जसले बजेट कार्यान्वयनलाई सधैं प्रभावित गरिरह्यो। आर्थिक वर्ष शुरु भएको नौ महिनापछि मात्र पूर्ण आकारको बजेट आउन सकेकाले अपेक्षित रुपमा बजेट कार्यान्वयन हुन सकेन, जसको फलस्वरुप आर्थिक वृद्धिदर समेत ३.५ प्रतिशतमा सीमित रहन पुग्यो।

२. पूर्ण आकारको बजेट समयमा आउन नसक्नु, निजी लगानी पनि अपेक्षित रुपमा हुन नसक्नु, राजनीतिक वातावरणमा सुधार नआउनु तथा बजेटको अन्यौलताले गर्दा कार्यान्वयनमा जटिलता देखिनु जस्ता कारणले गर्दा बजेट कार्यान्वयनबाट जति फाइदा हुन सक्ने हो त्यति भनेहुन सकेन। तथापि, जटिल परिस्थितिमा पनि बजेट कार्यान्वयन भई आर्थिक गतिशीलता भने कायम रहन सक्नुलाई सकारात्मक मान्नुपर्दछ।

३. आर्थिक वर्ष २०६९/७० को समष्टिगत आर्थिक परिसूचकहरु सामान्यतया सकारात्मक नै रहे। तथापि न्यून आर्थिक वृद्धि, बढ्दो व्यापार घाटा, र उच्च दरको मुद्रास्फीति भने अर्थतन्त्रको समस्या र चुनौतिको रुपमा रहेका छन् ।

४. आर्थिक वर्ष २०६९/७० मा कुल रु. ४0४ अर्ब ८२ करोड ४७ लाख विनियोजन गरिएकोमा विनियोजनको ८७.८ प्रतिशत अर्थात् रु. ३५५ अर्ब ४६ करोड ३८ लाख ४५ हजार मात्र खर्च भएको छ। कुल विनियोजनमध्ये चालुतर्फ रु. २७९ अर्ब १ करोड १२ लाख १६ हजार, पुँजीगततर्फ रु. ६६ अर्ब १३ करोड ४६ लाख १० हजार र वित्तीय व्यवस्थातर्फ रु. ५९ अर्ब ६७ करोड ८८ लाख ७७ हजार विनियोजन गरिएकोमा चालुतर्फ रु. २४७ अर्ब ४५ करोड ५४ लाख ७२ हजार (८८.७%), पुँजीगततर्फ रु. ५४ अर्ब ५९ करोड ८४ लाख २५ हजार (८२.६%) र वित्तीय व्यवस्थातर्फ रु. ५३ अर्ब ४० करोड ९९ लाख ४७ हजार (८२.६%) खर्च भएको थियो।

५. आर्थिक वर्ष २०६९/७० को खर्च व्यहोर्ने स्रोतमध्ये राजस्वबाट रु. २ खर्ब ८९ अर्ब ६० करोड ४९ लाख ९१ हजार अनुमान गरिएकोमा लक्ष्यको १०२.२ प्रतिशत अर्थात् रु. २ खर्ब ९६ अर्ब १ करोड १४ लाख संकलन भएको थियो। यो संकलन अघिल्लो आर्थिक वर्षको तुलनामा २१ प्रतिशतले बढी हो। यसैगरी रु. ४६ अर्ब ९८ करोड ९२ लाख ४० हजार वैदेशिक अनुदान प्राप्त हुने अनुमान गरिएकोमा अनुमानको ७४ प्रतिशत अर्थात् रु. ३४ अर्ब ७२ करोड ९० लाख ५ हजार मात्र प्राप्त भयो।

६. बजेट घाटा पूर्ति गर्ने स्रोतमध्ये वैदेशिक ऋणबाट रु. २५ अर्ब ८३ करोड ५४ लाख ६० हजार र आन्तरिक ऋणबाट रु. ३८ अर्ब व्यहोर्ने लक्ष्य लिइएकोमा वैदेशिक ऋण रु. ९ अर्ब २९ करोड ६१ लाख ८ हजार र आन्तरिक ऋण रु. १९ अर्ब ४ करोड २८ लाख ५५ हजार परिचालन गरिएको थियो।

७. बजेट नै प्राप्त नभएको जटिल परिस्थितिमा पनि बजेट कार्यान्वयनबाट केही महत्वपूर्ण उपलब्धिहरू हासिल भएका छन् ।

८. पुंजीगत खर्च विनियोजनको तुलनामा ८२.६ प्रतिशत भएको छ । राष्ट्रिय गौरबका कुनै पनि आयोजनामा अर्थ मन्त्रालयले स्रोतको अभाव हुन नदिने गरि बजेट व्यवस्थापन गरेको र यस क्रममा माथिल्लो

तामाकोशी जल विद्युत आयोजनालाई सुरुमा १० करोड मात्र बजेट व्यवस्था भएकोमा थप रु २ अर्बको बजेट निकासा व्यवस्था मिलाइएको थियो ।

९. सुशासन तथा आर्थिक सुधारका १५ वटा बिभिन्न क्षेत्रका १९८ बुँदामा सुधारका क्रियाकलापहरू समेटिएको सुशासन तथा आर्थिक सुधारको तत्कालीन कार्ययोजना,२०६९,राष्ट्रिय सिमसार नीति, २०६९, नयाँ नवीकरणीय ऊर्जा अनुदान नीति, २०६९, सम्पत्ति शुद्धीकरण निवारण (दोश्रो संशोधन) अध्यादेश,२०७० र कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का तथा जफत) अध्यादेश, २०७०,राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) नियमावली, २०७०, केन्द्रीय अनुसन्धान व्युरो नियमावली,२०७०, अध्यागमन हिरासत व्यवस्थापन निर्देशिका, २०६९, अतिविशिष्ट तथा विशिष्ट व्यक्तिको सुरक्षा व्यवस्थापन कार्यविधि, २०६९, ग्रामीण स्वावलम्बन कोष सञ्चालन निर्देशिका, २०६९, लैङ्गिक उत्तरदायी बजेट तर्जुमा दिग्दर्शन, २०६९, राजस्व तथा औद्योगिक सुरक्षा निर्देशिका, २०६९, नलसिंह गाड जलविद्युत आयोजना र बुढी गण्डकी जलविद्युत आयोजना विकास समिति गठन आदेश, २०६९, बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने कार्यबिधि, २०७०, विशेष आर्थिक क्षेत्र विकास समिति गठन आदेश, २०६९, ध्वनिको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड२०६९, वायुको गुणस्तर सम्बन्धी मापदण्ड २०६९, सवारी प्रदुषण मापदण्ड, २०६९, सिमेण्ट र क्रसर उद्योगबाट निष्काशन भई हावामा जाने धुलो सम्बन्धी मापदण्ड २०६९, डिजेल जेनेरेटरबाट निष्कासन भई हावामा जाने धुवाँ सम्बन्धी मापदण्ड २०६९ र ब्वाइलरको संचालनबाट निष्काशन हुने धुवा तथा चिम्नीको उचाई सम्बन्धी मापदण्ड २०६९ तयार गरी कार्यान्वयनमा ल्याइएको छ।

१०. भोतिक पुर्वाधार निर्माण तर्फ विभिन्न स्थानमा रहेका १४ वटा सिमेण्ट उद्योगहरूका लागि खानी स्थल पहुँच सडक निर्माण र १० स्थानमा उद्योगहरूमा विद्युत प्रसारण लाइन विस्तार भैरहेको, कुल १,२९७ मे.वा. क्षमताको २६ वटा विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र तथा कुल ७६८.४६ मे.वा. क्षमताको २६ वटा विद्युत उत्पादन आयोजनाको अनुमतिपत्र एवं २७ वटा विद्युत प्रसारण लाईन आयोजना सर्भेक्षण तथा ६ वटा विद्युत प्रसारण लाईन आयोजना निर्माण अनुमतिपत्र जारी गरिएको, राहुघाट जलविद्युत आयोजना, २२० के.भी. कोशी कोरिडोर, १३२ के.भी. सोलु कोरिडोर र १३२ के.भी. मोदी-लेखनाथ प्रसारण लाइन आयोजनाहरूको प्रस्ताव स्वीकृत गरिएको, बाग्लुङ्ग-बेनी-जोमसोम सडक ९१ किलोमिटर, मुसिकोट-बुर्तिवाङ १८ किलोमिटर, बेंसिशहर-चामे सडक ६५ किलोमिटर, ट्र्याक खोली सार्वजनिक यातायात सुचारूभैरहेको छ, नाग्मा-गमगढी (मुगु) सडक ९३ किलोमिटर निर्माण कार्य सम्पन्न भएको छ ।

११. सवारी चालक अनुमतिपत्रको प्रयोगात्मक परीक्षालाई वैज्ञानिक, व्यवहारिक र आधुनिक तरिकाले सञ्चालन गर्ने उद्देश्यले नयाँ प्रयोगात्मक परीक्षा निर्देशिका, २०६९ तयार गरी २०७० वैशाख देखि लागू गरिएको।

१२. सार्क खाद्य सुरक्षा भण्डारमा ८००० मे.टन खाद्यान्न मौज्दात पुर्‍याइएको।

१३. बालबालिकाहरूको सर्वाङ्गीण विकास तथा आधारभूत शिक्षाका तयारीका लागि बालविकास केन्द्रको स्थापना गरिएको र पिछडीएका तथा हिमाली क्षेत्रका विद्यार्थीहरूको आधारभूत शिक्षामा पहुँच सहज र सुनिश्चित बनाउन मुस्ताङ, हुम्ला, जुम्ला, ताप्लेजुङ, संखुवासभा, सोलुखुम्बु, रसुवा, गोरखा, जुम्ला र दार्चुलामा आवासीय विद्यालय एवं हिमाली छात्रावास सञ्चालन गरिएको।

१४. पर्यटन दूरदृष्टि, २०२० कार्यान्वयनको क्रममा सन् २०१३ देखि २०२० सम्मको लागि विभिन्न पर्यटन क्षेत्रहरूलाई समेट्ने गरी पर्यटन अभियान वर्षहरूको घोषणा गरिएको छ।

१५. सेवा प्रवाहलाई सरल र सहज पहुँचका लागि एकीकृत सेवा केन्द्र व्यवस्थापन योजना स्वीकृत भई महोत्तरीको बर्दिवास, गोर्खाको सिर्दिवास, बाग्लुङको बुर्तिवाङ र ललितपुरको गोटीखेलमा सेवा केन्द्र स्थापना भएको, पाँच जिल्लामा एकिकृत जनस्वास्थ्य अभियान सञ्चालन भएको, कम्पनी दर्ता, नवीकरण र फाइलिङ्ग

सम्बन्धी कार्य अनलाइनबाट शुरु गरिएको, १ लाख ४१ हजार ५५८ मेट्रिक टन रासायनिक मल आयात गरिएको, स्थानीय प्रशासनलाई समयानुकुल चुस्त, प्रभावकारी,जनमुखी र नतिजामुखी बनाउनका लागि जिल्ला प्रशासन कार्यालयको १० बर्षे गुरूयोजनाको मस्यौदा तर्जुमा लगाएतका कार्यहरु सम्पन्न गरिएको छ ।

१६. माओवादी सेनाका लडाकुहरूको समायोजनका लागि नेपाली सेना अन्तर्गत महानिर्देशनालयको गठन गरी १४२२ लडाकुहरूलाई नेपाली सेनामा समायोजन गरिएको

१७. आर्थिक वर्ष २०६९/७० मा कूल २८९ अर्ब ६० करोड ५० लाख राजश्व संकलनको लक्ष्य लिइएकोमा २९६ अर्ब १ करोड १४ लाख राजश्व संकलन भएको छ । यो लक्ष्यको तुलनामा १०२.२१ प्रतिशत बढी र गत वर्षको तुलनामा २१.२४ प्रतिशत बढी हो ।

# परिच्छेद १
# परिचय

## पृष्ठभुमि

नेपालको छ दशकको बजेटको इतिहासमा आर्थिक वर्ष २०६९/७० विशिष्ट प्रवृतिको रह्यो। संविधानसभा एवं व्यवस्थापिका संसद विघटन भई राजनीतिक सहमति जुट्न नसक्दा सरकारले एकै आर्थिक वर्षमा तीन वटा अध्यादेश मार्फत बजेट प्रस्तुत गरी खर्च व्यवस्थापन गर्नुपर्ने अवस्था रह्यो। राज्य सञ्चालन प्रक्रियामा अवरोध आउन नदिन र विकास निर्माणका क्रियाकलापलाई निरन्तरता दिन मिति २०६९ असार ३१ गते आर्थिक वर्ष २०६८/६९ मा भएको कुल व्ययको एक तृतीयांश बराबर खर्च गर्ने अधिकार सहितको अध्यादेश जारी भयो। एक तृतीयांश बराबरको रकमले सार्वजनिक खर्च व्यवस्थापन गर्न कठिनाइ उत्पन्न हुदै गएको तर पूर्ण आकारको बजेट प्रस्तुत गर्न राजनीतिक सहमति जुटन नसकेपछि आर्थिक वर्ष २०६८/६९ को कुल व्यय बराबरको रकम सञ्चित कोषबाट झिक्ने तथा विनियोजन गरी खर्च गर्ने अधिकारको व्यवस्था गर्न बनेको दोस्रो अध्यादेश मिति २०६९ मंसीर ५ गते जारी गरी खर्च व्यवस्थापन गरियो। आर्थिक वर्ष २०६८/६९को यथार्थ खर्चको सीमाभित्र रहेर खर्च गर्नु पर्दाको अवस्थामा अर्थतन्त्रलाई थप गतिशील तुल्याउन नसकिने परिस्थितिलाई दृष्टिगत गर्दै अन्तरिम चुनावी मन्त्रिपरिषद्ले २०६९ चैत्र २७ गते त्यसअघि जारी भएका अध्यादेशलाई समायोजन गरी राजस्व र व्ययको अनुमान सहितको पूर्ण आकारको समायोजित बजेट प्रस्तुत गऱ्यो। आर्थिक वर्ष समाप्त हुन तीन महिना बाँकी हुँदा ल्याइएको प्रस्तुत बजेटले संविधानसभाको निर्वाचनको लागि बजेट व्यवस्था गर्ने र सोको वातावरण निर्माण गर्ने मुल लक्ष्य लिएको थियो। यसमा केही नयाँ नीति तथा कार्यक्रम मात्र समावेश गरी अघिल्लो आर्थिक वर्षकै नीति तथा कार्यक्रमलाई निरन्तरता दिइएको थियो।

बजेटमा प्रस्ताव गरिएका नीति तथा कार्यक्रमहरूको कार्यान्वयनको समीक्षा गर्न प्रस्तुत प्रतिवेदन तयार गरिएको हो। बजेटको सफलता यसको प्रभावकारी कार्यान्वयनमा निर्भर गर्दछ। वार्षिक समीक्षा बजेटको प्रभावकारिता मापन गर्ने एउटा आधार हो। बजेटको समीक्षाले यसको कार्यान्वयनको उपलब्धिहरूको मुल्याङ्कन गर्ने, कमीकमजोरीहरू पहिल्याउने र भविष्यमा त्यस्ता कमी कमजोरी नदोहोरिने गरी कसरी काम गर्न सकिन्छ त्यस तर्फ सुझाव दिने काम पनि गर्दछ। अर्थ मन्त्रालयले यही प्रयोजनको लागि बजेटको अर्ध बार्षिक र बार्षिक समीक्षा गर्ने गरेको छ। यसैको सेरोफेरोमा रहेर आर्थिक वर्ष २०६९/७० को बजेटको वार्षिक प्रगति मुल्याङ्कन प्रतिवेदन तयार गरिएको छ।

## अध्ययनको औचित्यता

प्रत्येक मन्त्रालयहरूले आफु अन्तर्गत निकायहरूको वार्षिक कार्यक्रम र विकास आयोजनाहरूको समग्र भौतिक तथा वित्तीय प्रगतिको बार्षिक मुल्याङ्कन गर्ने, राष्ट्रिय योजना आयोगले विकाससंग सम्बन्धित समग्र क्षेत्रको प्रभाव मुल्याङ्कन गर्ने र महालेखा नियन्त्रक कार्यालयले सरकारको बार्षिक आय ब्यय विवरण तयार गर्ने गर्दछन्। अर्थ मन्त्रालयबाट बजेट विनियोजन र कार्यान्वयनको दक्षता र प्रभावकारिताको मुल्याङ्कन गर्ने, कमी कमजोरी पहिचान गर्ने र आगामी दिनमा गर्नुपर्ने सुधारको सिफारिस गर्ने उद्देश्यले बजेटको बार्षिक प्रगति मुल्याङ्कन गर्ने गरिएको छ।

## अध्ययनको उद्देश्य

- आर्थिक बर्ष २०६९/७० को समष्टिगत आर्थिक तथा वित्तीय स्थितिको विश्लेषण गर्नु।

- आर्थिक बर्ष २०६९/७० को बजेट कार्यान्वयनमा देखा परेका समस्या र चुनौतीको पहिचान गरी त्यसको विश्लेषण गर्नु।
- बजेट बक्तब्यमा उल्लिखित प्रत्येक मन्त्रालहरूसंग सम्बन्धित मुख्य मुख्य उपलब्धि र नीति तथा कार्यक्रमहरूको कार्यान्वयनको समीक्षा गर्नु।

## अध्ययनको सीमा

**आर्थिक बर्ष २०६९/७० को बजेटको बार्षिक प्रगतिको मुल्याङ्कन गर्दा देहायका सीमा भित्र रहेर गरिएको छ।**

- देशको समष्टिगत आर्थिक स्थितिको सम्बन्धमा नेपाल राष्ट्र बैकको प्रतिवेदन र आय ब्ययको सम्बन्धमा महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त आर्थिक ब्यवस्थापन सूचना प्रणाली FMIS को तथ्याङ्कलाई आधार मानिएकोछ।
- सम्बन्धित मन्त्रालयबाट प्राप्त भएको सूचनाको आधारमा बजेटका नीति तथा कार्यक्रमहरुको प्रगति समीक्षा र प्रमुख उपलब्धिहरूको विश्लेषण गरिएकोछ।
- सम्बन्धित मन्त्रालयबाट प्राप्त भएको सूचनाको आधारमा राष्ट्रिय गौरवका आयोजनाहरूको प्रगति समीक्षा अलग्गै खण्डमा गरिएकोछ।

# परिच्छेद २
# देशको समष्टिगत आर्थिक तथा वित्तीय स्थिति

## १. समष्टिगत आर्थिक स्थिति

आर्थिक वर्ष २०६९/७० को समष्टिगत आर्थिक परिसुचकहरू सामान्यतः सकरात्कम नै रहेका छन्। तथापि न्युन आर्थिक बृद्धीलाई उच्च वृद्धिमा परिणत गर्ने, बढ्दो व्यापार घाटालाई न्युन गर्ने र उच्च दरको मुद्रास्फीतिलाई बान्छित सीमा भित्र राख्ने कार्य भने नेपालको अर्थतन्त्रका समस्या र चुनौती दुवै भएका छन्।

### आर्थिक बृद्धी

- आर्थिक वर्ष २०६९/७० मा देशको कुल गार्हस्थ उत्पादन वृद्धि दर आधारभूत मूल्यमा ३.६ प्रतिशत र उत्पादकको मूल्यमा ३.७ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०६८/६९ मा उपरोक्त वृद्धि दरहरू क्रमशः ४.५ प्रतिशत र ४.९ प्रतिशत रहेका थिए। कृषि क्षेत्रको उत्पादन वृद्धि दर न्यून रहेको कारण कुल गार्हस्थ उत्पादन लक्ष्य भन्दा कम हुन गएको हो।
- आर्थिक वर्ष २०६९/७० मा कृषि क्षेत्रको उत्पादन १.३ प्रतिशत र गैर–कृषि क्षेत्रको उत्पादन ५.० प्रतिशतले वृद्धि भएको अनुमान छ। आर्थिक वर्ष २०६८/६९ मा कृषि र गैर–कृषि क्षेत्रको वृद्धिदर क्रमशः ५.० प्रतिशत र ४.२ प्रतिशत रहेको थियो।
- मौसमी प्रतिकूलताको कारण आर्थिक वर्ष २०६९/७० मा धानको उत्पादन ११.२ प्रतिशत र मकैको उत्पादन ८.३ प्रतिशतले घटेकोछ। तर फलफूलको उत्पादन २०.१ प्रतिशत, मासु तथा दुधको उत्पादन १.१ प्रतिशत र अन्य पशुजन्य उत्पादन ५.६ प्रतिशतले वृद्धि भएकोछ।

### उपभोग, लगानी र बचत

आर्थिक वर्ष २०६९/७० मा कुल गार्हस्थ उत्पादनमा उपभोगको अंश २.२ प्रतिशत विन्दुले वढेर ९०.७ प्रतिशत पुगेको कारण कुल गार्हस्थ उत्पादनमा कुल गार्हस्थ बचतको अनुपात ९.३ प्रतिशत मात्र रहन गएकोछ। आर्थिक वर्ष २०६९/७० मा कुल गार्हस्थ उत्पादनमा कुल लगानीको अनुपात ३७.८ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०६८/६९ मा यो अनुपात ३४.९ प्रतिशत थियो।

### कुल राष्ट्रिय खर्चयोग्य आय

आर्थिक वर्ष २०६९/७० मा प्रचलित मूल्यको कुल राष्ट्रिय खर्च योग्य आय ११.३ प्रतिशतले बढेको अनुमान छ। आर्थिक वर्ष २०६८/६९ मा यस्तो आय १६.८ प्रतिशतले वृद्धि भएको थियो। कुल राष्ट्रिय खर्च योग्य आयको कुल गार्हस्थ उत्पादनसँगको अनुपात १२९.१ प्रतिशत रहेको अनुमान छ। यो अनुपात आर्थिक वर्ष २०६८/६९ मा १२८.५ प्रतिशत रहेको थियो।

## २. सरकारी वित्त

### सरकारी खर्च

आर्थिक वर्ष २०६९/७० को लागि कुल बजेट रू.४०४ अर्ब ८२ करोड ४७ लाख रहेको थियो। विनियोजनमध्ये रू.३५५ अर्ब ४६ करोड ३८ लाख ४५ हजार खर्च भएको छ। यो खर्च बिनियोजनको तुलनामा ८७.८ प्रतिशत हो। चालु खर्चतर्फ रू.२७९ अर्ब १ करोड १२ लाख १६ हजार विनियोजन भएकोमा रू.२४७ अर्ब ४५ करोड ५४ लाख ७२ हजार खर्च भएकोछ। यो खर्च रकम विनियोजित बजेटको तुलनामा ८८.६९ प्रतिशत हो भने आर्थिक वर्ष २०६८/६९ को खर्चको तुलनामा २ प्रतिशतको

वृद्धि हो। पूँजिगत खर्चतर्फ रू.६६ अर्ब १३ करोड ४६ लाख १० हजार विनियोजन भएकोमा रू.५४ अर्ब ५९ करोड ८४ लाख २५ हजार खर्च भएकोछ। यो खर्च रकम विनियोजनको तुलनामा ८२.५६ प्रतिशत हो भने आर्थिक वर्ष २०६८/६९ को खर्चको तुलनामा ६ प्रतिशतको वृद्धि हो। वित्तीय व्यवस्थातर्फ रू.५९ अर्ब ६७ करोड ८८ लाख ७४ हजार विनियोजन भएकोमा रू.५३ अर्ब ४० करोड ९९ लाख ४७ हजार परिचालन भई लक्ष्यको तुलनामा ८९.५ प्रतिशत परिचालन भएकोछ। यो रकम आर्थिक वर्ष २०६८/६९ को तुलनामा २० प्रतिशतले वृद्धि भएको देखिन्छ।

## सरकारी आय

सरकारी आयमा राजस्व, ऋणको साँवा फिर्ता र वैदेशिक अनुदानलाई लिने गरिन्छ। आर्थिक वर्ष २०६९/७० मा सरकारी आयबाट रू.३४० अर्ब ९८ करोड ९२ लाख ४० हजार अर्थात कुल बजेटको ८४ प्रतिशत व्यहोर्ने लक्ष्य लिइएको थियो। यसमध्ये रू.३३१ अर्ब ४९ करोड ५७ लाख १२ हजार प्राप्त भई लक्ष्यको तुलनामा ९७ प्रतिशत उपलब्धि हासिल भएको छ। यो आय आर्थिक वर्ष २०६८/६९ को तुलनामा ११६ प्रतिशतको वृद्धि हो।

### राजस्व

विगत ५ वर्ष यता राजस्व असुलीको वृद्धि प्रतिशत उच्च रहेको छ। आर्थिक वर्ष २०६९/७० मा राजस्वको लक्ष्य रू.२८९ अर्ब ६० करोड ५० लाख रहेकोमा रू.२९६ अरब १ करोड १४ लाख असुल भई लक्ष्यको तुलनामा १०२ प्रतिशत असुली भएको छ। त्यसै गरी सांवा फिर्तातर्फ रू.७५ करोड ५३ लाख ७ हजार असुल भई लक्ष्यको तुलनामा १७ प्रतिशत मात्र असुल भएको छ।

### अनुदान

आर्थक वर्ष २०६९/७० मा रू.४६ अर्ब ९८ करोड ९२ लाख ४० हजार वैदेशिक अनुदान लिने लक्ष्य रहेको थियो। सो मध्ये रू.३४ अर्ब ७२ करोड ९० लाख ५ हजार मात्र प्राप्त भएको छ। यो रकम लक्ष्यको तुलनामा ७३.६ प्रतिशत हो।

सरकारी आयको विवरण

रू.हजारमा

| विवरण | लक्ष्य | असुली | असुली प्रतिशत | आ व २०६८/६९ को तुलनामा वृद्धि प्रतिशत |
|---|---|---|---|---|
| राजस्व | २८९६०४९९१ | २९६०११४०० | १०२ | १२१ |
| साँवा फिर्ता | ४३९५००० | ७५५३०७ | १७ | ३९ |
| वैदेशिक अनुदान | ४६९८९२४० | ३४७२९००५ | ७३.९ | ९० |
| **जम्मा** | **३४०९८९२४०** | **३३१४९५७१२** | **९७** | **११६** |

आर्थिक वर्ष २०६९/७० को राजस्व लक्ष्य र असुलीको अवस्था

रू.हजारमा

| राजस्वको किसिम | लक्ष्य | असुली | असुली प्रतिशत | आ. व. २०६८/६९ को तुलनामा वृद्धि प्रतिशत |
|---|---|---|---|---|
| भन्सारमहसुल | ४७४४४६५१ | ५६८९३९२९ | १२० | ३१ |
| मु.अ.कर | ८९५१७४८ | ८३५०५८२९ | ९४ | ११६ |
| अन्तशुल्क | ३६५४२०६२ | ३४७२९००५ | १०० | १२१ |
| शिक्षा सेवा शुल्क | २७२०८९ | ३२०६८६ | ११८ | १४३ |
| आयकर | ६३४८०१९८ | ६७०१८९१९ | १०६ | १२८ |
| रजिष्ट्रेशन दस्तुर | ४१९८४०० | ५८९५९७० | १४० | १४२ |
| सवारी साधन कर | ४४४९९०० | ४३७१६७८ | ९८ | १२० |
| अन्य राजस्व | ७२३३४२९ | ४९४२९९९ | ६८ | १०० |
| जम्मा कर राजस्व | २५२५७२४७७ | २५९६१४९०० | १०३ | १२६ |
| गैर कर राजस्व | ३७०३२५१४ | ३६३९६५०० | ९८ | ९६ |
| | **२८९६०४९९१** | **२९६०११४००** | **१०२** | **१२१** |

आर्थिक वर्ष २०६९/७० मा अघिल्लो आर्थिक वर्षका करका दरहरु लागू गरिएकोले राजस्वको लक्ष्य हासिल भए तापनि लक्ष्यको तुलनामा असुली २ प्रतिशतले मात्र बढि रहेकोछ। शीर्षकगत राजस्व असुलीको तुलना गर्दा मू.अ.कर, सवारी साधन कर र गैर कर राजस्वको लक्ष्य हासिल हुन सकेको छैन। अन्य शीर्षकहरुको राजस्व असुली सन्तोषजनक देखिन्छ । आर्थिक वर्ष २०६९/७० मा असुल भएको राजस्व आर्थिक वर्ष २०६८/६९ को तुलनामा १२१ प्रतिशतले वृद्धि भएकोछ। राजस्व लक्ष्य र असुलीको विवरण अनुसूची १ र आर्थिक वर्ष २०६८/६९ र २०६९/७० को राजस्व संकलनको तुलनात्मक विवरण अनुसूची २ मा रहेको छ ।

**बजेट घाटा र न्युन वित्त परिचालन**

आर्थिक वर्ष २०६९/७० मा बजेट घाटा रू.२३ अर्ब ९६ करोड ८१ लाख ३३ हजार रहेको छ। यो रकम कुल बजेट खर्चको ६.७ प्रतिशत र कुल गार्हस्थ उत्पादनको १.४ प्रतिशत रहेको छ। बजेट घाटा पुर्ति गर्न वैदेशिक ऋण रू.९ अर्ब २९ करोड ६१ लाख ८ हजार परिचालन गर्दा समेत रू.१४ अर्ब ६७ करोड २० लाख २५ हजार बजेट न्यून रहन गएको छ। सो रकम आन्तरिक ऋणबाट ब्यहोरिएकोछ। आन्तरिक ऋण रू.३८ अर्ब परिचालन गर्ने लक्ष्य लिइएकोमा रू.१९ अर्ब ४ करोड २८ लाख ५५ हजार मात्र परिचालन भएको छ। यो रकम लक्ष्यको तुलनामा ५० प्रतिशत हो भने कुल खर्चको तुलनामा ५.४ प्रतिशत हो।

**कुल सार्वजनिक ऋण**

आर्थिक वर्ष २०६९/७० को अन्त्यमा खुद तिर्न बाँकी वैदेशिक ऋण रू.३३३ अर्ब ३२ करोड १९ लाख र आन्तरिक ऋण रू.२१२ अर्ब ८९ करोड ९७ लाख गरी कुल सार्वजनिक ऋण रू.५४६ अर्ब २२ करोड १६ लाख रहेकोछ। यो रकम कुल गार्हस्थ उत्पादनको ३२ प्रतिशत हो। आर्थिक वर्ष २०६८/६९ मा वैदेशिक र आन्तरिक ऋण क्रमश: रू.३०९ अर्ब २८ करोड र रू.२१३ अर्ब ९२

करोड गरी कुल रू.५२३ अर्ब २० करोड रहेको थियो। आर्थिक वर्ष २०६९/७० मा कूल सार्वजनिक ऋण आर्थिक वर्ष २०६८/६९ को तुलनामा १०४ प्रतिशतले वृद्धि भएकोछ ।

## ३. मुल्य तथा आपुर्ति

### मुद्रास्फीति

- आर्थिक वर्ष २०६९/७० मा वार्षिक औषत उपभोक्ता मुद्रास्फीति ९.९ प्रतिशतले वृद्धि भएको छ। आर्थिक वर्ष २०६८/६९ मा यस्तो वृद्धि ८.३ प्रतिशत रहेको थियो। खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्क ९.६ प्रतिशतको दरले वृद्धि भए पनि गैर खाद्य तथा सेवा समूहको मूल्य सूचकाङ्क १०.० प्रतिशतले वृद्धि भएकोले समग्रमा वार्षिक औषत उपभोक्ता मुद्रास्फीति आर्थिक वर्ष २०६८/६९ को तुलनामा सामान्य वृद्धि भएको छ।
- आर्थिक वर्ष २०६९/७० मा वार्षिक औषत राष्ट्रिय थोक मूल्य सूचकाङ्क ९.० प्रतिशतले वृद्धि भएको छ। आर्थिक वर्ष २०६८/६९ मा यस्तो वृद्धिदर ६.४ प्रतिशत रहेको थियो।

### राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क

आर्थिक वर्ष २०६९/७० मा वार्षिक औषत राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क ९.२ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष यस्तो वृद्धिदर २७.४ प्रतिशत रहेको थियो। राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्कमध्ये तलबको सूचकाङ्कमा कुनै वृद्धि नभए तापनि ज्यालादरको सूचकाङ्क वार्षिक औसत ११.५ प्रतिशतले वृद्धि भएको छ। यस्तो वृद्धिदर आर्थिक वर्ष २०६८/६९ मा तलब तथा ज्यालादरको सूचकाङ्क क्रमशः १९.३ प्रतिशत र २९.६ प्रतिशतको वृद्धि रहेको थियो।

## ४. मुद्रा तथा बैकिङ्ग

आर्थिक वर्ष २०६९/७० मा विस्तृत मुद्रा प्रदाय १६.४ प्रतिशतले र संकुचित मुद्रा प्रदाय १४.४ प्रतिशतले वृद्धि भएको छ। आर्थिक वर्ष २०६८/६९ मा यस्तो वृद्धि क्रमशः २२.७ प्रतिशत र १८.६ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०६९/७० मा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रू.६८ अर्ब ९४ करोडले बढेको छ। आर्थिक वर्ष २०६८/६९ मा उक्त सम्पत्ति रू.१३१ अर्ब ६३ करोडले बढेको थियो। आर्थिक वर्ष २०६९/७० मा निर्यातको तुलनामा आयातको विस्तार उच्च रहनुको साथै वैदेशिक अनुदान घटेकोले मौद्रिक क्षेत्रको खुद वैदेशिक सम्पत्तिको वृद्धि दरमा कमी आएको  हो।

## ५. धितोपत्र बजार

आर्थिक वर्ष २०६९/७० मा धितोपत्र बजारमा नेप्से सूचकाङ्क र कारोबार रकम दुवैमा उल्लेख्य सुधार भएको छ। नेप्से सूचकाङ्क वार्षिक विन्दुगत आधारमा ३३ प्रतिशतले वृद्धि भई ५१८.३ विन्दुमा पुगेको छ। आर्थिक वर्ष २०६८/६९ मा यस्तो सूचकाङ्क ३८९.७ विन्दु रहेको थियो। आर्थिक वर्ष २०६८/६९ को तुलनामा कारोवार रकम ११४.५ प्रतिशतले वृद्धि भई रू.२२ अर्ब ५ करोड बराबर पुगेको थियो।

## ६. बाह्य क्षेत्र

### वैदेशिक लगानी

- शान्ति सुरक्षाको अवस्थामा भएको क्रमिक सुधारका कारण आर्थिक वर्ष २०६९/७० मा वैदेशिक लगानीको प्रतिवद्धता बढेको छ। उद्योग विभागले रू.१९ अर्ब ३९ करोड वैदेशिक लगानी प्रतिवद्धता भएका ३०० सँयुक्त विदेशी लगानीका परियोजनाहरू स्थापनाका लागि स्वीकृति दिएको छ। विभागले आर्थिक वर्ष २०६८/६९ मा कुल रू.७ अर्ब १४ करोड बराबर वैदेशिक लगानी भएका २२७ संयुक्त विदेशी लगानीका परियोजनाहरू स्थापना गर्न स्वीकृति दिएको थियो।
- दर्ता गरिएका विदेशी संयुक्त लगानीका कुल ३०० परियोजनाहरूमध्ये सेवा सम्बन्धी ८५, पर्यटनसम्बन्धी ८७, उत्पादनमूलक ७७, उर्जासम्बन्धी ४, खनिजसम्बन्धी ४, कृषिसम्बन्धी ४२ र निर्माणसम्बन्धी १ परियोजनाहरू रहेका छन्। अघिल्लो वर्षको तुलनामा स्वीकृत वैदेशिक लगानीमध्ये सबैभन्दा वढी उत्पादनमूलक परियोजनामा १२१.० प्रतिशतले वृद्धि भएको छ भनेकृषि सम्बन्धी परियोजनामा ९६.७ प्रतिशतले ह्रास आएको देखिन्छ। दर्ता भएका परियोजनाहरूबाट कुल १४ हजार ८ सय ९५ जनाले रोजगारी पाउने अनुमान गरिएकोछ।

### वैदेशिक रोजगार

आर्थिक वर्ष २०६९/७० मा वैदेशिक रोजगार विभागले ४ लाख ५३ हजार ५ सय ४३ जना कामदारहरूलाई वैदेशिक रोजगारीका लागि अन्तिम स्वीकृति प्रदान गरेको छ। सो संख्या आर्थिक वर्ष २०६८/६९ को भन्दा १७.९ प्रतिशतले बढी हो। आर्थिक वर्ष २०६९/७० सम्म वैदेशिक रोजगारमा गएका कुल कामदारको संख्या २८ लाख ९० हजार ६ सय ५४ पुगेको छ। वैदेशिक रोजगारीमा जान अनुमति लिएका कामदारहरूमध्ये मलेशियाका लागि सबैभन्दा बढी र त्यस पछि क्रमशः कतार, साउदी अरव र संयुक्त अरब इमिरेट्स रहेका छन्। आर्थिक वर्ष २०६९/७० मा वैदेशिक रोजागारमा गएका कामदारहरूबाट प्राप्त हुने विप्रेषण आय २०.९ प्रतिशतले वृद्धि भई रू.४३४ अर्ब ५८ करोड पुगेको छ।

### वैदेशिक व्यापार

- आर्थिक वर्ष २०६९/७०मा कुल ब्यापार १८ प्रतिशतले वृद्धि भई रू.६३३ अर्ब ६६ करोड पुगेको छ। आर्थिक वर्ष २०६८/६९ मा रू.५३६ अर्ब ३ करोड रहेको थियो। कुल व्यापारमा भारतसंगको व्यापार ६६ प्रतिशत छ भने अन्य मुलुकतर्फको व्यापार ३४ प्रतिशत रहेको छ। यो अनुपात आर्थिक वर्ष २०६८/६९ मा क्रमशः ६५ र ३५ प्रतिशत रहेको थियो।
- आर्थिक वर्ष २०६९/७० मा कुल वस्तु निर्यात ३.६ प्रतिशतले वृद्धि भई रू.७६ अर्ब ९२ करोड पुगेको छ। आर्थिक वर्ष २०६८/६९ मा निर्यात १५.४ प्रतिशतको वृद्धि सहित रू.७४ अर्ब २६ करोड पुगेको थियो।
- आर्थिक वर्ष २०६९/७० मा भारततर्फको निर्यात २.८ प्रतिशतले र अन्य मुलुकतर्फको निर्यात ५.२ प्रतिशतले वृद्धि भएको छ। आर्थिक वर्ष २०६८/६९ मा यस्तो वृद्धि क्रमश:१४.४ प्रतिशत र १७.५ प्रतिशत रहेको थियो।
- कुल आयात आर्थिक वर्ष २०६९/७० मा २०.६ प्रतिशतले वृद्धि भई रू.५५६ अर्ब ७४ करोड पुगेको छ। आर्थिक वर्ष २०६८/६९ मा १६.५ प्रतिशतको वृद्धि सहित रू.४६१ अर्ब ६७ करोड पुगेको थियो।

- कुल आयातमध्ये भारतबाट भएको आयात २२.६ प्रतिशतले र अन्य मुलुकबाट भएको आयात १६.९ प्रतिशतले वृद्धि भएको छ। यस्तो वृद्धि आर्थिक वर्ष २०६८/६९ मा क्रमशः १४.३ प्रतिशत २०.९ प्रतिशतले भएको थियो।
- आर्थिक वर्ष २०६९/७० मा कुल व्यापार घाटा २३.९ प्रतिशतले वृद्धि भई रू.४७९ अर्ब ८२ करोड पुगेको छ। व्यापार घाटा कुल गार्हस्थ उत्पादनको २८ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०६८/६९ मा यस्तो घाटा १६.७ प्रतिशतले बढेको थियो। कुल व्यापार घाटामध्ये भारतसंगको घाटा २६.५ प्रतिशत र अन्य मुलुकसंगको घाटा १९.० प्रतिशतले वृद्धि भएको छ। आर्थिक वर्ष २०६८/६९ मा यस्तो घाटा क्रमशः १४.३ प्रतिशत र २१.५ प्रतिशतले बढेको थियो।
- निर्यात व्यापारमा आएको कमी तथा आयात व्यापारमा भएको उल्लेख्य विस्तारको कारण आर्थिक वर्ष २०६९/७० मा निर्यात–आयात अनुपात १३.८ प्रतिशतमा झरेको छ। अघिल्लो वर्ष यस्तो अनुपात १६.१ प्रतिशत रहेको थियो।

**शोधनान्तर स्थिति**

आर्थिक वर्ष २०६९/७० मा समग्र शोधनान्तर स्थिति रू.६८ अर्ब ९४ करोड बचतमा रहेको छ जुन आर्थिक वर्ष २०६८/६९ मा रू.१३१ अर्ब ६३ करोडले बचतमा रहेको थियो। आर्थिक वर्ष २०६९/७० मा चालु खाता रू.५७ अर्ब ६ करोड बचत रहेको छ। अघिल्लो वर्षमा भने चालु खाता रू.७५ अर्ब ९८ करोडले बचतमा रहेको थियो। खासगरी सेवा आयातमा भएको उल्लेख्य वृद्धिका कारण यस आर्थिक वर्षमा चालु खाता बचत अघिल्लो वर्षको तुलनामा कम रहन गएको हो।

**विदेशी विनिमय सञ्चिति**

- २०७० असार मसान्तमा कुल विदेशी विनिमय सञ्चिति रू.५३३ अर्ब ३० करोड पुगेको छ। यो रकम २०६९ असार मसान्तको रू.४३९ अर्ब ४६ करोडको तुलनामा २१.४ प्रतिशतले बढी हो। अमेरिकी डलरमा गणना गर्दा २०७० असार मसान्तमा कुल सञ्चिति २०६९ असार मसान्तको तुलनामा १२.६ प्रतिशतले वृद्धि भई अमेरिकी डलर ४ अर्ब ३६ करोड पुगेको छ। आर्थिक वर्ष २०६९/७० को बाह्र महिनासम्मको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिको विद्यमानस्तरले ११.७ महिनाको वस्तु आयात र १०.१ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ।
- २०६९ असार मसान्तमा नेपाली रूपैया अमेरिकी डलरसँग १९.९ प्रतिशतले अवमूल्यन भएकोमा २०७० असार मसान्तमा ६.७ प्रतिशतले अवमूल्यन भएको छ। २०७० असार मसान्तमा अमेरिकी डलर एकको विनिमय दर रू.९५.०० पुगेको छ। २०६९ असार मसान्तमा उक्त विनिमय दर रू.८८.६० रहेको थियो।

प्रमुख आर्थिक परिसूचकहरु

(आर्थिक वर्ष २०६९/७० को तथ्याङ्कमा आधारित)

| आर्थिक परिसूचकहरू | आर्थिक वर्ष २०६८/६९ | आर्थिकवर्ष २०६९/७० |
|---|---|---|
| कुल गार्हस्थ उत्पादन उत्पादक मूल्यमा | रू.१५३६ अर्ब | रू.१७०२ अर्ब |
| कुल गार्हस्थ उत्पादन आधारभूत मूल्यमा | ४.५ % | ३.६ % |
| कुल गार्हस्थ उत्पादन उत्पादकको मूल्यमा | ४.९ % | ३.७ % |
| राजस्व परिचालन | २२ %ले बढेको | २१ %ले बढेको |
| कुल सरकारी खर्च | १५.२ % बढेको | ५ % बढेको |

| | | |
|---|---|---|
| बजेट घाटा/बचत | रू.५३ अर्ब ७९ करोड घाटामा | रू.२३ अर्ब ९७ करोड घाटामा |
| वैदेशिक ऋण परिचालन | रू.११ अर्ब ८ करोड | रू.९ अर्ब २९ करोड |
| वैदेशिक अनुदान परिचालन | रू.४० अर्ब ८१ करोड | रू.३४ अर्ब ६१ करोड |
| मुद्रास्फीति (वार्षिक बिन्दुगत उपभोक्ता) | ८.३% | ९.९% |
| खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति | ७.७ % | ९.६ % |
| गैरखाद्य तथा सेवा समूहको मुद्रास्फीति | ९ % | १० % |
| विस्तृत मुद्राप्रदाय | २२.७ % ले बढेको | १६.४ % ले बढेको |
| संकुचित मुद्राप्रदाय | १८.६ % ले बढेको | १४.४ % ले बढेको |
| कुल आयात | ४६१ अर्ब ६७ करोड | ५५६ अर्ब ७४ करोड |
| कुल आयात वृद्धि/ह्रास | १६.५ % ले बढेको | २०.६ % ले बढेको |
| भारततर्फको आयात वृद्धि/ह्रास | १४.३ % बढेको | २२.६ %ले बढेको |
| अन्य मुलुकतर्फको आयात वृद्धि/ह्रास | २०.९ % ले बढेको | १६.९ % ले बढेको |
| कुल निर्यात | रू.७४ अर्ब २६ करोड | रू.७६ अर्ब ९२ करोड |
| कुल निर्यात वृद्धि/ह्रास | १५.४ %ले बढेको | ३.६ % ले बढेको |
| भारततर्फको निर्यात वृद्धि/ह्रास | १४.४ %ले बढेको | २.८ % ले बढेको |
| अन्य मुलुकतर्फको निर्यात वृद्धि/ह्रास | १७.५ %ले बढेको | ५.२ % ले घटेको |
| निर्यात आयात अनुपात | १६.१ % | १३.८ % |
| प्रत्यक्ष वैदेशिक लगानीको प्रतिबद्धता | रू.७ अर्ब १४ करोड | रू.१९ अर्ब ३९ करोड |
| विप्रेषण आप्रवाह | रू.३५९ अर्ब ५५ करोड | रू.४३४ अर्ब ५८ करोड |
| विप्रेषण आप्रवाह बृद्धी/ह्रास | ४१.८ % ले बढेको | २०.९ % ले बढेको |
| समग्र शोधनान्तर स्थिति | रू.१३१ अर्ब ६३करोडले बचत | रू.६८ अर्ब९४ करोडले बचत |
| चालू खाता | रू.७५ अर्ब ९८ करोडले बचत | रू.५७अर्ब ६ करोडले बचत |
| विदेशी विनिमय सञ्चितिको विद्यमान स्तरले धान्नपर्याप्त (आयातलाई आधार मान्दा) | १०.६ महिनाको वस्तु आयात | ११.७ महिनाको बस्तु आयात |
| कुल विदेशी विनिमय सञ्चिति | रू.४३९ अर्ब ४६ करोड | रू.५३३ अर्ब ३० करोड |
| खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कननाफानोक्सान समायोजित) | रू.१ खर्ब ३१ अर्ब ६३ करोडले बढेको | रू.६८ अर्ब ९४ करोडले बढेको |
| वार्षिक विन्दुगत आधारमा नेप्से सूचकाङ्क | ३८९.७ विन्दु | ५१८.३विन्दु |

समयमा बजेट प्रस्तुत हुन नसकेको कारण सार्वनजिक खर्चको आकार अपेक्षित रूपमा वृद्धि गर्न नसकिए तापनि आ.व. २०६९/७०को उल्लेखित आर्थिक परिसूचकहरू सन्तोषप्रदनै रहेको देखिन्छ।

# परिच्छेद ३
# वार्षिक खर्च विश्लेषण

## १. विनियोजन र खर्चको स्थिति

**कूल बार्षिक विनियोजन**

आर्थिक वर्ष २०६९/७० को लागि कुल बजेट रू.४०४ अर्ब ८२ करोड ४७ लाख रहेको थियो। यसमा चालुतर्फ रू.२७९ अर्ब १ करोड १२ लाख १६ हजार, पूँजीगततर्फ रू.६६ अर्ब १३ करोड ४६ लाख १० हजार र वित्तीय व्यवस्था तर्फ रू.५९ अर्ब ६७ करोड ८८ लाख ७४ हजार रहेको थियो। विनियोजनको अनुपात चालुतर्फ ६९ प्रतिशत पूँजीगततर्फ १६ प्रतिशत र वित्तीय व्यवस्थातर्फ १५ प्रतिशत रहेको थियो।आर्थिक वर्ष २०६९/७० को कुल बजेट आर्थिक वर्ष २०६८/६९ को कुल बजेट विनियोजनको तुलनामा ५ प्रतिशतले वृद्धि भएको छ।

**कूल बार्षिक खर्च**

- आर्थिक वर्ष २०६९/७० मा रू.३५५ अर्ब ४६ करोड ३८ लाख ४५ हजार खर्च भएको छ। यो खर्च बिनियोजनको तुलनामा ८७.८ प्रतिशत हुन आउँछ भने आर्थिक वर्ष २०६८/६९ को खर्चको तुलनामा ४.८ प्रतिशतले वृद्धि भएको छ। कुल खर्च मध्ये नगद खर्च रू.३४७ अर्ब ८ करोड ६० लाख ८२ हजार रहेको छ।यो रकम आर्थिक वर्ष २०६८/६९ को तुलनामा ६ प्रतिशतले वृद्धि भएको छ। त्यसैगरी गैर नगद तर्फ बस्तुगत सहायता र सोझै भुक्तानी समेत रू.८ अर्ब ३७ करोड ७७ लाख ६२ हजार खर्च भएको छ।यो रकम आर्थिक वर्ष २०६८/६९ को खर्चको तुलनामा ६७ प्रतिशत मात्र हो।
- चालु खर्चतर्फ रू.२७९ अर्ब १ करोड १२ लाख १६ हजार विनियोजन भएकोमा रू.२४७ अर्ब ४५ करोड ५४ लाख ७२ हजार खर्च भएको छ। यो खर्च रकम विनियोजित बजेटको तुलनामा ८८.६९ प्रतिशत हो भने आर्थिक वर्ष २०६८/६९ को खर्चको तुलनामा २ प्रतिशत वृद्धि हो।
- पूँजीगत खर्च तर्फ रू.६६अर्ब १३ करोड ४६ लाख १० हजार विनियोजन भएकोमा रू.५४ अर्ब ५९ करोड ८४ लाख २५ हजार खर्च भएको छ। यो खर्च रकम विनियोजनको तुलनामा ८२.५६ प्रतिशत हो भने आर्थिक वर्ष २०६८/६९ को खर्चको तुलनामा ६ प्रतिशत वृद्धि हो।
- वित्तीय व्यवस्थातर्फ रू.५९ अर्ब ६७ करोड ८८ लाख ७४ हजार विनियोजन भएकोमा रू.५३ अर्ब ४० करोड ९९ लाख ४७ हजार मात्र परिचालन भई लक्ष्यको तुलनामा ८२.५६ प्रतिशत परिचालन भएको छ। यो रकम आर्थिक वर्ष २०६८/६९ को तुलनामा २० प्रतिशतले वृद्धि भएको देखिन्छ।
- आर्थिक वर्ष २०६९/७० को बजेट आर्थिक वर्ष व्यतित भएको ८ महिना पछि मात्र आउनु,सो अवधि सम्म अघिल्लो आर्थिक वर्षकै नीति तथा कार्यक्रमलाई निरन्तरता दिइनु र अघिल्लो आर्थिक वर्षकै खर्च रकमको सीमाभित्र रही खर्च गर्नुपर्ने प्रावधानले गर्दा समग्र विनियोजन र खर्चको वृद्धि ५ प्रतिशत मात्र रहन गएको हो। आर्थिक वर्ष २०६९/७० को विनियोजन र खर्चको विवरण अनुसूची ३, आर्थिक वर्ष २०६८/६९ र २०६९/७० को नगद र गैर नगद खर्चको तुलनात्मक विवरण अनुसूची ४, आर्थिक वर्ष २०६८/६९ र २०६९/७० को चालु, पूँजीगत र वित्तीय व्यवस्थातर्फको कूल खर्चको तुलनात्मक विवरण अनुसूची ५ मा रहेकोछ ।

## २. नेपाल सरकार र बैदेशिक स्रोततर्फ खर्चको स्थिति

आर्थिक वर्ष ०६९/७० को कुल बजेट रू.४०४ अर्ब ८२ करोड ४७ लाखमध्ये रू.३३२ अर्ब अर्थात ८२ प्रतिशत नेपाल सरकारको श्रोतबाट खर्च हुने अनुमान गरिएको थियो। यसमध्ये रू.३११ अर्ब ३४ करोड ८७ लाख ३२ हजार खर्च भएको छ। यो रकम विनियोजनको तुलनामा ९३.८ प्रतिशत र कुल खर्चको तुलनामा ८८ प्रतिशत हो। वैदेशिक स्रोततर्फ रू.७२ अर्ब ८२ करोड ४७ लाख खर्च हुने अनुमान गरिएको रू.४४ अर्ब २ करोड ५१ लाख १३ हजार खर्च भएको छ। यो रकम विनियोजनको तुलनामा ६०.४ प्रतिशत हो। वैदेशिक स्रोत मध्ये अनुदान श्रोतबाट रू.४६ अर्ब ९८ करोड ९२ लाख ४० हजार खर्च हुने अनुमान गरिएकोमा रू.३४ अर्ब ७२ करोड ९० लाख ५ हजार खर्च भएको छ। यो रकम विनियोजनको तुलनामा ७४ प्रतिशत र कुल खर्चको तुलनामा १० प्रतिशत हो। वैदेशिक ऋण श्रोतबाट रू.२५ अर्ब ८३ करोड ५४ लाख ६० हजार खर्च हुने अनुमान गरिएकोमा रू.९ अर्ब २९ करोड ६१ लाख ८ हजार खर्च भएको छ। यो रकम विनियोजनको तुलनामा ३६ प्रतिशत र कुल खर्चको तुलनामा २ प्रतिशत हुन आउँछ। नेपाल सरकारको श्रोततर्फ विनियोजित बजेटको ९४ प्रतिशत खर्च भएको छ भने वैदेशिक स्रोततर्फ ६० प्रतिशत मात्र खर्च भएको देखिन्छ। वैदेशिक स्रोततर्फ लक्ष्यको तुलनामा ६० प्रतिशत मात्र खर्च हुनुले वैदेशिक सहायता परिचालनमा सुधार गर्नुपर्ने दखिएको छ।

### खर्च व्यहोर्ने स्रोतको अवस्था

आर्थिक वर्ष ०६९/७० को कुल बजेट रू.४०४ अर्ब ८२ करोड ४७ लाखको खर्च व्यहोर्ने स्रोत विवरणमा राजस्व बाट रू.२८९ अर्ब ६० करोड ५० लाख अर्थात कुल बजेटको ७२ प्रतिशत, सांवा फिर्ताबाट रू.४ अर्ब ३९ करोड ५० लाख अर्थात १ प्रतिशत, वैदेशिक अनुदानबाट रू.४६ अर्ब ९८ करोड ९२ लाख ४० हजार अर्थात १२ प्रतिशत र वैदेशिक ऋणबाट रू.२५ अर्ब ८३ करोड ५४ लाख ६० हजार अर्थात ६ प्रतिशत व्यहोर्ने लक्ष्य राखिएको थियो। यस मध्ये राजस्व असुली रू.२९६ अर्ब १ करोड १४ लाख हजारभई लक्ष्यको तुलनामा १०२ प्रतिशत प्रगति भएको छ। त्यसैगरी साँवा फिर्तातर्फ रू.७५ करोड ५३ लाख ७ हजार असुली भई लक्ष्यको तुलनामा १७प्रतिशत प्रगति हासिल भएको छ। यस प्रकार आन्तरिक स्रोततर्फको असुली रू.२९६ अर्ब ७६ करोड ६७ लाख ७ हजार रहेको छ। आन्तरिक स्रोतबाट नपुग हुने रकम वैदेशिक अनुदानबाट रू.३४ अर्ब ७२ करोड ९० लाख ५ हजार ब्यहोर्दा रू.२३ अर्ब ९६ करोड ८१ लाख ३३ हजार न्यून हुने देखिएको छ। बजेट घाटा कुल बजेट खर्चको ६.७ प्रतिशत छ भने कुल गार्हस्थ उत्पादनको १.४ प्रतिशत रहेको छ। न्यून बजेट पूर्ति गर्न वैदेशिक ऋणबाट रू.९ अर्ब २९ करोड ६१ लाख ८ हजार व्यहोर्दा समेत रू.१४ अर्ब ६७ करोड २० लाख २५ हजार बजेट न्यून देखिन गएको छ। सो न्यूनता आन्तरिक ऋणबाट ब्यहोरिएको छ। आन्तरिक ऋण रू.३८ अर्ब परिचालन गर्ने लक्ष्य लिइएकोमा रू.१९ अर्ब ४ करोड २८ लाख ५५ हजार मात्र परिचालन भएको छ। यो रकम लक्ष्यको तुलनामा ५० प्रतिशत हो भने कुल खर्चको तुलनामा ५.४ प्रतिशत हो।

आर्थिक वर्ष २०६९/७० को श्रोतगत खर्चको विवरण निम्न बमोजिम छ।

रू.हजारमा

| श्रोत | कूल विनियोजन | | कूल खर्च | | विनियोजनको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| | रकम | प्रतिशत | रकम | प्रतिशत | |
| नेपाल सरकार | ३३२०००००० | ८२ | ३११४३८७३२ | ८८ | ९४ |
| वैदेशिक अनुदान | ४६९८९२४० | १२ | ३४७२९००५ | १० | ७४ |
| वैदेशिक ऋण | २५८३५४६० | ६ | ९२९६१०८ | २ | ३६ |
| जम्मा | ४०४८२४७०० | १०० | ३५५४६३८४५ | १०० | ८८ |

## ३. शीर्षकगत खर्चको स्थिति

आर्थिक वर्ष २०६९/७० को शीर्षकगत खर्चको विश्लेषण गर्दा सबैभन्दा बढी तलबमा रू.४८ अर्ब ७४ करोड ४६ लाख २७ हजार खर्च भएको छ।यो रकम कुल खर्चको १३.७२ प्रतिशत हो। यसमा अनुदान प्राप्त गर्ने निकायबाट गरिएको तलब खर्चको रकम समावेश गरिएको छैन। दोस्रो, पूंजीगत सुधार खर्च रू.३८ अर्ब ४६ करोड ६४ लाख ७७ हजार खर्च भएको देखिन्छ। तेस्रो, सरकारी निकाय समिति एवं बोर्डहरूलाई जाने नि:शर्त चालु अनुदानमा रू.३३ अर्ब ७ करोड ६२ लाख ३० हजार, चौथो, सरकारी निकाय समिति एवं बोर्डलाई सशर्त चालु अनुदानमा रू.२९ अर्ब ३६ करोड ५१लाख ७३ हजार र पाँचौ, निवृत्तभरण तथा अशक्त वृत्तिमा रू.२२ अर्ब ४९ करोड ७५ लाख ४० हजार खर्च भएको देखिन्छ। आर्थिक वर्ष २०६९/७० को शीर्षकगत खर्च विवरण अनुसूची-६ र आर्थिक वर्ष २०६८/६९ सँगको तुलनात्मक खर्च विवरण अनुसूची ७ मा रहेकोछ ।

## ४. कार्यगत खर्च विवरणको स्थिति

आर्थिक वर्ष २०६९/७० मा कार्यगत खर्च विवरण अनुसार सामान्य सार्वजनिक सेवामा सबैभन्दा बढी २९.४१ प्रतिशत खर्च भएकोछ। त्यसपछि आर्थिक मामिला र शिक्षा क्षेत्रमा क्रमशः २२.७८ र १७.५७ प्रतिशत खर्च भएकोछ । कार्यगत खर्च विवरण अनुसूची ८ मा रहेकोछ।

## ५. मन्त्रालयगत खर्चको स्थिति

आर्थिक वर्ष २०६९/७० मा चालु खर्च शीर्षकमा शिक्षा मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, गृह मन्त्रालय, रक्षा मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा क्रमशः बढी खर्च देखिएको छ। पूँजीगत खर्चतर्फ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंचाई मन्त्रालय, शहरी विकास मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा क्रमशः बढी खर्च भएको छ। मन्त्रालयगत विनियोजन र खर्चको विवरण अनुसूची ९ र मन्त्रालयगत चालु, पूँजीगत र वित्तीय व्यवस्था अनुसारको विनियोजन र खर्चको विवरण अनुसूची १० मा रहेकोछ।

## ६. वैदेशिक सहायताको प्रतिबद्धताको स्थिति

आर्थिक वर्ष २०६९/७० मा विभिन्न दातृ निकायहरूबाट रू.११५ अर्ब १५ करोड ६८ लाख सहायता दिने प्रतिबद्धता प्राप्त भएको थियो। यसमध्ये अनुदान तर्फ रू.५३ अर्ब ९० करोड ९ लाख र ऋणतर्फ

रू.६१ अर्ब २५ करोड ५८ लाख रहेको छ। वैदेशिक सहायता प्रतिबद्धताको विवरण अनुसूची-११, १२ र १३ मा रहेको छ।

## ७. आन्तरिक ऋण

आर्थिक वर्ष २०६९/७० मा रू.३८ अर्ब आन्तरिक ऋण उठाउने लक्ष्य रहेकोमा सो मध्ये रू.१९अर्ब ४ करोड २८ लाख ५५ हजार अर्थात ५० प्रतिशत बराबरको रकम ऋण उठाइएको छ।

## ८. नेपाल सरकारको केन्द्रीय कोषको स्थिति

नेपाल सरकारको केन्द्रीय खाताको आर्थिक वर्ष२०६९/७० को मौज्दात रू.१३अर्ब ५३ करोड धनात्मक रहेको छ। जसलाई सकारात्मक मान्न सकिन्छ। तर एकातर्फ नगद स्थिति धनात्मक रही कुनै उपयोग विना रहनु र अर्को तर्फ आन्तरिक ऋण उठाई ब्याज तिर्ने गर्नुलाई वित्तीय व्यवस्थापनको दृष्टिकोणले उचित मान्न सकिन्न।तसर्थ आगामी बर्षहरूमा खर्चको मासिक प्रक्षेपणलाई बस्तुपरक बनाउन अपरिहार्य देखिएकोछ।

## ९. आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट बीचको तुलना

**आवधिक योजना र वार्षिक बजेटबिचको तादात्म्यता**

- आर्थिक वर्ष २०६९/७०त्रिवर्षीय योजना (२०६७/६८-२०६९/७०)को अन्तिम वर्ष भएकोले यी तीन आर्थिक वर्षमा भएका विनियोजन र खर्चलाई आवधिक योजनासंग आबद्ध गरेर विश्लेषण गरिएको छ।आवधिक योजनाको तीन आर्थिक वर्षमा रू.१०२० अर्ब सार्वजनिक खर्च गर्ने लक्ष्य लिइएको थियो। योजना अवधिका आर्थिक वर्षहरूमा रू.११२८ अर्ब विनियोजन भएको छ। यो रकम योजनाले राखेको लक्ष्य भन्दा १११ प्रतिशत बढी हो।यस अवधिमा रू.९१० अर्ब खर्च भएको छ। यो खर्च योजनाले राखेको लक्ष्यको तुलनामा ८९ प्रतिशत हो भने आर्थिक वर्षहरूमा राखिएको लक्ष्यको तुलनामा ८१ प्रतिशत हो। शीर्षकगत खर्चको विवरण हेर्दा योजना दस्तावेजले चालु खर्चको लक्ष्य रू.५८४ अर्ब राखेकोमा आर्थिक वर्षहरूमा रू.७३६ अर्ब विनियोजन लक्ष्य रहेको र सो मध्ये रू.६४४ अर्ब खर्च भई योजनाले राखेको लक्ष्यको तुलनामा ११० प्रतिशत बढी र आर्थिक वर्षहरूको लक्ष्यको तुलनामा ८८ प्रतिशत मात्र खर्च भएको देखिन्छ।योजनामा पूँजीगत खर्चतर्फको लक्ष्य रू.३६४ अर्ब रहेकोमा आर्थिक वर्षहरूमा रू.२६८ अर्ब विनियोजन लक्ष्य राखिएको थियो। यस अवधिमापूँजीगत शीर्षकमा रू.१४२ अर्ब मात्र खर्च भईयोजनाले राखेको लक्ष्यको तुलनामा ३९ प्रतिशत र आर्थिक वर्षहरूको लक्ष्यको तुलनामा ५३ प्रतिशत खर्च भएको देखिन्छ।वित्तीय व्यवस्थातर्फ त्रिवर्षीय योजनाले रू.७२ अर्ब लगानी गर्ने लक्ष्य राखेकोमा आर्थिक वर्षहरूमा रू.१२३ अर्ब लगानी गर्ने लक्ष्य लिइएको थियो।यो रकम योजनाले राखेको लक्ष्यको तुलनामा १७३ प्रतिशत बढी हो।
- आवधिक योजनामा प्रक्षेपण गरिएको कुल बजेट अनुमान भन्दा वार्षिक बजेटमा विनियोजन गरिएको रकम बढी देखिनुमा आवधिक योजनाले कुल खर्चको प्रक्षेपण गर्दा आर्थिक वर्ष २०६६/६७ को आधार वर्षको मूल्यलाई आधार लिएको तर वार्षिक बजेटले सम्बन्धित वर्षको मूल्यलाई आधार लिएर विनियोजन लक्ष्य प्रस्ताव गरेको कारणले हो। आवधिक योजना र वार्षिक बजेट बीचको शीर्षकगत विनियोजन फरक पर्नुमा आर्थिक वर्ष २०६८/६९ देखि नेपालको बजेट, खर्च, लगानी र राजस्व सम्बन्धी संकेत तथा वर्गीकरण सरकारी वित्तीय तथ्याङ्क सम्बन्धी म्यानुअल २००१(GFS Manual 2001) मा आधारित बनाइएको कारणले

हो। यसले गर्दा साविक र नयां खर्च संकेत र वर्गीकरणहरूफरक पर्न गएका छन्। साविकको वर्गीकरणमा पूँजीगत प्रकृतिका सहायता, अनुदान, शेयर लगानीका रकमहरू नयाँ वर्गीकरणमा चालु खर्च अन्तर्गत पर्न गएका छन। त्यसैगरी, साविकको वर्गीकरणमा शेयर लगानी र ऋण लगानीलाई पूँजीगत शीर्षकमा र आन्तरिक र वैदेशिक ऋणको साँवा ब्याज भुक्तानीलाई सांवा भुक्तानी अन्तर्गत देखाइने गरिएकोमा नयाँ वर्गीकरण अनुसार वित्तीय व्यवस्थामा देखाइने गरिएको छ। यसले गर्दाआवधिक योजनाले प्रक्षेपण गरेको रकम भन्दा वार्षिक बजेटले चालु शीर्षकमा विनियोजन गरेको रकम बढी र पूँजीगत खर्च शीर्षकमा विनियोजन गरेको रकम घटी देखिन गएको छ। साविकको वर्गीकरणमा सावा भुक्तानी भन्ने शीर्षक रहेकोमा नयाँ वर्गीकरणमा सो शीर्षकनै नरहेको र वित्तीय व्यवस्था नयाँ शीर्षक थप भएको अवस्था छ।

- आवधिक योजना र बजेटबीच तादात्म्यता कायम हुन जरूरी हुन्छ। त्यसैले त्रिवर्षीय योजनाले राखेको लक्ष्य र लिएका उद्देश्य हासिल हुने गरी वार्षिक बजेटमा नीति तथा कार्यक्रमहरू तय गरिएका छन्।त्रिवर्षीय योजनाको क्षेत्रगत रणनीति अनुसार बजेट विनियोजन गर्ने गरिएको छ।

**त्रिवर्षीय योजनाको क्षेत्रगत रणनीति अनुसारको बजेट विनियोजन**

रू.करोडमा

| सि नं | क्षेत्रगत रणनीतिहरू | आर्थिक वर्ष | | | जम्मा |
|---|---|---|---|---|---|
| | | २०६७/०६८ | २०६८/०६९ | २०६९/०७० | |
| १ | रोजगारीमुलक,गरिबी निवारणोन्मुख, दीगो र फराकिलो आर्थिक वृद्धि हासिलगर्ने | २२५६ | २६५९ | २४१४ | ७३२९ |
| २ | संघीय व्यवस्थालाई टेवा पुग्ने भौतिक पूर्वाधार निर्माण गर्ने | ५१०५ | ५७०९ | ५०५३ | १५८६७ |
| ३ | समावेशी तथा समन्यायिक विकास गर्ने | १३५५ | १२३४ | १४५७ | ४०४६ |
| ४ | आर्थिकसामाजिक रूपान्तरण गर्ने | ६१८४ | ९४३१ | ७१०५ | २२७२० |
| ५ | सुशासनर सेवा प्रवाहमा प्रभावकारिता ल्याउने | २४८० | २५४९ | १९०३ | ६९३२ |
| ६ | उद्योगव्यापार र सेवा क्षेत्रको मुलप्रवाहीकरण गर्ने | ४८१ | ७२४ | ४४६ | १६५१ |
| ७ | साधारणप्रशासन तर्फ | १५९२९ | १६१८४ | २२१०४ | ५४२१७ |
| जम्मा | | ३३७९० | ३८४९० | ४०४८२ | ११२७६२ |

**त्रिवर्षीय योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेटबीचको तादात्म्यता**

रू.करोडमा

| सि नं | क्षेत्रगत रणनीतिहरू | आर्थिक वर्ष | | | जम्मा |
|---|---|---|---|---|---|
| | | २०६७/०६८ | २०६८/०६९ | २०६९/०७० | |
| १ | त्रिवर्षीय योजना अनुसार बजेट प्रक्षेपण | ३१२७९ | ३४०३८ | ३६६८३ | १०२००० |
| २ | मध्येकालीन खर्च संरचना अनुसार बजेट प्रक्षेपण | ३२३१० | ३५३३१ | ४२८६० | ११०५०१ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | वार्षिक बजेट विनियोजन | ३३७९० | ३८४९० | ४०४८२ | ११२७६२ |

विगतमा आवधिक योजना, मध्यमकालीन खर्च संरचना र बार्षिक बजेट बीच कार्यक्रम र विनियोजनमा अपेक्षित तादात्म्यता कायम नभएको पृष्ठभुमिमा, पछिल्लो त्रीबर्षिय अवधिमा योजना, खर्च संरचनाले बार्षिक रूपमा प्रक्षेपण गरेको कूल खर्च भन्दा बार्षिक बजेट बढी विनियोजन हुनुलाई सकारात्मक पक्षको रूपमा लिन सकिन्छ। तथापि, विनियोजनको तुलनामा खर्च न्यून हुने अवस्थालाई भने अझै सुधार्नु पर्ने अवस्था छ।

# परिच्छेद ४
# राष्ट्रिय गौरवका आयोजनाहरूको प्रगति

पूर्वाधार क्षेत्रका विभिन्न १७ वटा आयोजनाहरूलाई विगत आर्थिक वर्ष ०६७/६८ देखि राष्ट्रिय गौरवका आयोजनाका रूपमा संचालन गरिदै आएको छ। देशको आर्थिक वृद्धि र समृद्धिको लागि ठूलो दायरा र ब्यापक लाभग्राहीको क्षेत्र समेट्ने धेरै लागत र लामो समय लाग्ने प्रकृतिका आयोजनाहरूलाई उच्च प्राथामिकतामा राखी आवश्यक स्रोत साधन कमी हुन नदिई शिघ्रातिशिघ्र सम्पन्न गर्न र विकासका अरू पैमानाको मार्ग प्रशस्त गर्ने दिशामा अघि बढ्न यी आयोजना छनौट भएका छन्। राष्ट्रिय गौरवका आयोजनाले यातायात, उर्जा, सिंचाई, खानेपानी र पर्यटन पूर्वाधार क्षेत्र समेट्छन्। आ.व. २०६९/७० मा सम्बन्धित मन्त्रालयहरूबाट प्राप्त सूचनाको आधारमा यी आयोजनाको प्रमुख प्रगति तल उल्लेख गरिएको छ।

## १. मध्य पहाडी लोकमार्ग (पुष्पलाल लोकमार्ग)

मध्यपहाडी लोकमार्गको १७७६ किलोमिटर ट्रयाक खोल्ने कार्य आर्थिक वर्ष २०६९/७० सम्ममा सम्पन्न भएको छ। यस आर्थिक वर्षमा यस आयोजनाको ३० किलोमिटर ट्रयाक खोल्ने र २८ किलोमिटर ग्राभेल गर्ने कार्य सम्पन्न भएकोछ।

## २. काठमाडौं-तराई मधेशद्रूतमार्ग

- राजधानीलाई तराई मधेशसँग जोड्ने सबैभन्दा छोटो मार्ग काठमाडौं-तराईमधेशद्रूतमार्गको कुल लम्बाई ७६ किलोमिटर रहेको छ। यस मार्गको ट्रयाक खोल्ने कार्य करिव पूरा भएकोछ। ट्रयाक खोल्ने क्रममा अधिग्रहण गरिएका जग्गाको मुआब्जा वितरण कार्य ७० प्रतिशत पुरा भएको छ।
- आर्थिक वर्ष २०६९/७० मा निर्माण-सञ्चालन-हस्तान्तरण प्रक्रियाबाट द्रूत मार्ग निर्माण सम्पन्न गर्ने प्रयास स्वरूप प्रस्ताव माग गरिएकोमा ३ वटा प्रस्ताव प्राप्त भई मूल्याङ्कन चरणमा रहेकोमा ३ वटै प्रस्तावकहरू काम गर्न अनिच्छुक देखिएका छन्।

## ३. हुलाकी राजमार्ग

पूर्व-पश्चिम जोड्ने बैकल्पिक मार्गको रूपमा रहेको यस राजमार्गको प्रथम चरणाको ६०८ किलमिटर सडक निर्माण कार्य भई रहेको छ। यसमध्ये ६४ किलोमिटर सडक कालोपत्रे गर्ने कार्य जारी रहेको छ।निर्माणाधीन ६६ वटा पुल मध्ये १९ वटा पुलको निर्माण कार्य सम्पन्न भई सकेको अवस्था छ। ठेक्का लागी सकेका पुलहरूको निर्माण कार्य जारी रहेको छ भने ठेक्का लाग्न बाँकी पुलहरूको विस्तृत डिजाइनको कार्य सम्पन्न भईठेक्का लाग्ने अवस्थामा रहेका छन्।

## ४. रेल तथा मेट्रो विकासआयोजना

- सिमरा-बर्दिबास रेलमार्ग र सिमरा-वीरगञ्ज लिंकको Final Report प्राप्त भइसकेको छ।अन्तर्राष्ट्रिय परामर्शदाताहरूबाट सिमरा-भैरहवा रेलमार्गको सम्भाव्यता अध्ययन प्रतिवेदनको पुनर्मूल्याङ्कन गर्ने कार्य भई सकेको छ। सिमरा-ताम्सारिया खण्डको Alignment Reviews भैरहेको छ। ताम्सारिया बुटवल खण्डको

Baseline Survey गर्ने कार्य शुरू भएको छ। काठमाडौमा मेट्रो रेलको सम्भाव्यता अध्ययन गराउने कार्य सम्मन्न भएको छ।

- जयनगर-जनकपुर-बर्दिबास खण्डमा ७० हेक्टर जग्गा अधिग्रहण गर्ने कार्य सम्पन्न भएको तथा कटहरी-बिराटनगर रेलमार्गको लागि प्राप्त जग्गा आयोजनालाई हस्तान्तरण गरी सकिएको छ।

## ५. उत्तर-दक्षिण लोकमार्ग (कर्णाली, कालीगण्डकी तथा कोशी समेत)

कर्णाली कोरिडोरको खुलालु-लैफु-सिमीकोट खण्डमा २३ किलोमिटर ट्रयाक खोल्ने लक्ष्य रहेकोमा ६ किलोमिटर मात्र ट्रयाक खोलिएको छ। कोशी कोरिडोरमा १० किलोमिटर ट्रयाक खोल्ने लक्ष्य राखिएकोमा ६ किलोमिटको मात्र ट्रयाक खोलिएको छ। काली गण्डकी कोरिडोरको ५ किलोमिटर ट्रयाक खोल्ने लक्ष्य राखिएकोमा लक्ष्य अनुसार नै प्रगति भएको छ। कोशी कोरिडोरमा ९.९६ किलोमिटर ग्राभेल कार्य सम्पन्न भएको अवस्था छ।

## ६. रानी जमरा कुलरिया सिंचाई आयोजना

- कुल २०,३०० हेक्टर जमिनमा सिंचाई सेवा पुऱ्याउने यस आयोजनाको इन्टेक निर्माणतर्फ हाल सम्म करिव ७२ प्रतिशत काम सम्पन्न भैसकेको छ।
- कार्यालय भवनको निर्माण कार्य सम्पन्न हुने अवस्थामा रहेको छ।
- फिडर शाखा/उपशाखा नहर निर्माण/पुनःनिर्माण तथा मोर्डनाइजेशनको लागि ठेक्का व्यवस्थापन भएको छ।
- सिंचित क्षेत्र बचावट कार्य ८० प्रतिशत सम्पन्न भएको। झरहिनालामा चैनलाइजेशन गरी रानी जमरा र कुलेरिया नहरहरूमा पानी संञ्चालन कार्य सम्पन्न भएको छ।



निर्माणाधीन बाँध र रेगुलेटिङ गेट बीचको फोरवे क्षेत्र

## ७. बबई सिंचाई आयोजना

- यस आयोजना अन्तर्गत बबई नदीको पुर्वी तर्फ २१००० हेक्टर जमिनमा सिंचाई सुविधा पुऱ्याउने लक्ष्य रहेकोमा १३६८० हेङ्क्टर जमिनमा सिंचाई सुविधा पुगिसकेको छ। पश्चिम तर्फ पर्ने करिव १५,५०० हेक्टर जमिनमा सिंचाई सुविधा पुऱ्याउने लक्ष्य रहेकोमा ५००० हेक्टर जमिनमा सिँचाई सुविधा उपलब्ध

भइसकेको छ। आर्थिक वर्ष २०६९/७० सम्ममा पश्चिम मुल नहरको १२ किलोमिटरनिर्माण कार्य पुरा भएको छ भने हेड रेगुलेटरको निर्माण कार्य समेत सम्पन्न भएको छ।

- ३६.४३ हेक्टर जग्गा अधिग्रहण कार्य सम्पन्न भएको छ। ४०१ मिटर लम्वाईको साईफन निर्माण कार्य सम्पन्न भई टेस्टिङ्ग समेत सफलतापूर्वक सम्पन्न भएको छ।



निर्माणाधीन पश्चिम मूल नहर खण्ड

## ८. सिक्टा सिंचाई आयोजना

- बाँके जिल्लाका ३४ वटा गाउँविकास समिति र नेपालगञ्ज नगरपालिका समेतको ३३७६६ हेक्टर जमिनमा सिंचाई सुविधा पुऱ्याउने उद्देश्यका साथ सुरू गरिएको यस आयोजनाको मुल नहरमा ३८ वटा संरचना मध्ये २६ वटा संरचनाको निर्माण सम्पन्न भएको छ। १२ कि.मि नहर लाईनिङ्गको कार्य सम्पन्न गर्ने लक्ष्य राखिएकोमा १० किलोमिटर सम्पन्न भएको छ।यस क्षेत्रको जग्गा अधिग्रहणका लागि प्रकृया अगाडि बढाईएको छ।
- हेडवर्कको गेट लगायत हाइड्रो मेकानिकलसम्बन्धी कार्यको लागि ठेक्का सम्झौता भई डिजाईन सम्बन्धी कार्य सम्पन्न भएको छ।





नहरको लाइनिङ निर्माण भईरहेको दृश्य

## ९. मेलम्ची खानेपानी आयोजना

- आयोजनाको सुरूङको लम्बाई २७ किलोमिटर रहेकोमा आर्थिक वर्ष २०६९/७० सम्ममा ६.५ किलोमिटरको मात्र निर्माण सम्पन्न भएको छ।
- आर्थिक वर्ष २०५५/५६ बाट शुरू भई आर्थिक वर्ष २०७०/७१ मा सम्पन्न हुनु पर्नेमा साविकको ठेकेदारबाट कार्य सम्पन्न हुन नसकेकोले आ.व. २०७३/७४ सम्म कार्य सम्पन्न गर्ने गरी नयाँ ठेक्का सम्झौता भएको छ।
- सुन्दरीजलमा पानी प्रशोधन केन्द्र निर्माण गर्न ठेक्का सम्झौता भएको छ।

## १०. माथिल्लो तामाकोशी जलविद्युत आयोजना

- ४५६ मेगावाट क्षमताको जलविद्युत आयोजना आ.व. २०७२/७३ भित्र निर्माण सम्पन्न गर्ने गरी काम भैरहेकोछ। हाइड्रोमेकानिकलतर्फको बाँध र इन्टेकका गेटहरूमा जडान गरिने इम्बेडेड पार्टहरू आपूर्ति भई जडान भैसकेका छन्। मेकानिकल तथा इलेक्ट्रीकलतर्फको डिजाइन सम्बन्धी कार्यहरू अन्तिम चरणमा पुगेका छन्। टर्वाइन अन्तर्गतका धेरै जसो कम्पोनेन्टहरू म्यानुफ्याक्चरिङ्ग प्रक्रियामा छन्। निर्माणाधीन भूमिगत विद्युत गृहमा जडान गरिने २ वटा ओभरहेडट्राभलिङ क्रेनहरूमध्ये एउटा जडान भएकोछ। प्रसारण लाइन तथा सबस्टेशन निर्माण तर्फ गोंगर-खिम्ती २२० के.भी. प्रशारण लाइनको प्रारम्भिक र्सर्भेको कार्य सम्पन्न भएकोछ। टावरको मोडेलको भौतिक परीक्षण समेत सम्पन्न भएकोछ। यसैगरी, खिम्तीमा निर्माण हुने २२०/१३२ के.भी. सबस्टेशनको विस्तृत डिजाइन कार्य तिव्र गतिमा भैरहेकोछ।

## ११. पश्चिम सेती जलविद्युत आयोजना

यस आयोजनाको निर्माणका लागि चाइनाको थ्रीगर्जेज कर्पोरेशनसँग उर्जा मन्त्रालयले समझदारी पत्रमा हस्ताक्षर गरेकोमा लगानी बोर्डबाट पूरक कागजातको रूपमा माइन्युटमा हस्ताक्षर गरिएकोछ।

## १२. बुढी गण्डकी जलविद्युत आयोजना

जलाशय युक्त आयोजनाको सन्तुलित विकास गर्न नेपाल सरकारले बुढीगण्डकी जलाशययुक्त जलविद्युत आयोजनाको निर्माण गर्ने प्रयोजनका लागि बुढीगण्डकी जलविद्युत आयोजना विकास समिति गठन गरेकोछ।

## १३. निजगढ अन्तर्राष्ट्रिय विमानस्थल

विस्तृत सम्भाव्यता अध्ययन सम्पन्न भएकोछ। मोडालिटी छनौट गर्ने सम्बन्धमा लगानी बोर्डर बुटकमिटीमा छलफल भईरहेकोछ।

## १४. भैरहवा क्षेत्रीय विमानस्थल

डिजाइन र सुपरिवेक्षणका लागि परामर्शदाता छनौट भएकोछ। विमानस्थल निर्माण सम्बन्धी बिडिङडकुमेन्ट अनुमोदनका लागि एशियाली विकास बैंकमा पठाइएको छ। विमानस्थल निर्माणको लागि जग्गा अधिग्रहण गर्ने कार्य करिब ९० प्रतिशत सम्पन्न भएको छ।

## १५. पोखरा क्षेत्रीय विमानस्थल

विमानस्थललाई आवश्यक पर्ने जग्गाको रेखाङ्कन गर्ने, केही जग्गाको मुआब्जा वितरण गर्ने, TOR तयार गरी परामर्श सेवा प्राप्त गर्ने लगायतका कार्यहरू सम्पन्न गर्ने मुख्य लक्ष्य रहेकोमा धावन मार्गको आंशिक निर्माण र २ वटा नालालाई व्यवस्थित गर्ने कार्यको करिब ८५ प्रतिशत कार्य सम्पन्न भएको छ।

# परिच्छेद ५
## बजेट वक्तव्यमा समावेश मुख्य मुख्य नीति तथा कार्यक्रमहरूको प्रगति समीक्षा

आर्थिक वर्ष २०६९/७० मा समयमै पूर्ण बजेट आउन सकेन। सरकारी खर्च व्यवस्थापन गर्न ०६९ असार ३१ गते आर्थिक वर्ष २०६९/७० को सरकारी सेवा तथा कार्यक्रमहरूसंचालनका लागि आर्थिक वर्ष ०६८/६९ को खर्चको एक तृतीयांश बराबर खर्च गर्ने गरी अध्यादेश मार्फत खर्च व्यवस्थापन गरियो। २०६९ मंसिरसम्म पनि पूर्ण अकारको बजेट आउन नसकेपछि पुनः २०६९ मसिर ५ गते आर्थिक वर्ष २०६९/७० को यथार्थ खर्चको आधारमा आंशिक बजेट मार्फत खर्च व्यवस्थापन गरियो। २०६९ चैत्र २७ गते अघिल्ला दुई अध्यादेशमार्फत ल्याइएका बजेटलाई समेत समेटेर रू.४०४ अर्ब ८२ करोड ४७ लाख बराबरको पूर्ण आकारको बजेट कार्यान्वयनमा ल्याइयो।

पूर्ण आकारको बजेट ल्याइतापनि बजेट कार्यान्वयन अवधि ३ महिना मात्र रहेकोले केही नया नीति तथा कार्यक्रम मात्र समावेश गरी आर्थिक वर्ष २०६८/६९ का अधिकांश नीति तथा कार्यक्रमहरू लाई नै निरन्तरता दिइएको थियो। एउटै आर्थिक वर्ष भित्र ३ वटा बजेटको तर्जुमा गरीकार्यान्वयन गर्नु परेको जटिल परिस्थितिले गर्दा बजेटमा प्रस्तावित नीति तथा कार्यक्रमहरूले अपेक्षित उपलब्धि हासिल गर्न नसकेको अवस्था रह्यो। यति हुँदाहुँदै पनि अघिल्ला आर्थिक वर्षहरूदेखि निरन्तरता पाएका र आर्थिक वर्ष २०६९/७०को पूर्ण बजेटमा प्रस्ताव गरिएका मुख्य मुख्य नीति तथा कार्यक्रमहरूको समिक्षा गर्न आवश्यक देखिएकोले यसपरिच्छेदमा आर्थिक वर्ष २०६९/७० को अवधिमा बिभिन्न मन्त्रालयहरूबाट सम्पन्न भएका मुख्य मुख्य नीति तथा कार्यक्रमहरूको प्रगतिको छोटो चर्चा गरिएकोछ।

### १. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः

**आर्थिक वर्ष २०६९/७० मा सम्पादन भएका मुख्य-मुख्य कार्यहरू**

- माओवादी सेनाका लडाकुहरूको समायोजनका लागि नेपाली सेना अन्तर्गत महानिर्देशनालयको गठन गर्ने निर्णय गरिएको।
- माओवादी सेनाका लडाकुहरूलाई नेपाली सेनामा समायोजन गर्न कुल १,४७१ दरबन्दी सिर्जना गरिएको।
- सुदूरपश्चिम विकास क्षेत्र तथा कर्णाली क्षेत्रको समग्र विकासको योजना, अनुगमन र विकासको तीव्रताको लागि कर्णाली तथा सुदूरपश्चिम विकास आयोग गठन गरिएको।
- नेपाल सरकारलाई नीतिगत सुझाव दिन नीति अनुसन्धान प्रतिष्ठान गठन आदेश, २०६९ जारी भई सो मुताविक नीति अध्ययन प्रतिष्ठान गठन भएको।
- सुशासन तथा आर्थिक सुधारका १५ वटा बिभिन्न क्षेत्रका १९८ बुँदामा सुधारका क्रियाकलापहरू समेटिएको सुशासन तथा आर्थिक सुधारको तत्कालीन कार्ययोजना,२०६९ कार्यान्वयनमा ल्याइएको।
- राष्ट्रिय गौरवका आयोजनाहरूको मासिक प्रगतिअनलाइन पोर्टल मार्फत पठाउने व्यवस्था मिलाइएको।
- वि.सं.२०२४ पछिका मन्त्रिपरिषद्का निर्णयहरूको विद्युतीय अभिलेख राख्ने काम पूरा भएको।
- सेवा प्रवाहलाई सरल र सहज पहुँचका लागि एकीकृत सेवा केन्द्र व्यवस्थापन योजना स्वीकृत भई महोत्तरीको बर्दिवास, गोर्खाको सिर्दिवास, बाग्लुङको बुर्तिवाङ र ललितपुरको गोटीखेलमा सेवा केन्द्र स्थापना भएको।
- सार्वजनिक प्रशासनको पुनःसंरचना सम्बन्धमा श्वेतपत्रको प्रारम्भिक खाका तयार गरिएको तथा संघीयताको सफल कार्यान्वयनका लागि मार्ग चित्र तयार गर्ने कार्य भइरहेको छ।

- लैङ्गिक हिंसा अन्त्य तथा लैङ्गिक सशक्तीकरण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना, २०६९ मन्त्रिपरिषदबाट स्वीकृत भई कार्यान्वयन भईरहेको छ।
- राष्ट्रिय सतर्कता केन्द्र मार्फत १०४ वटा आयोजनाहरूको प्राविधिक परीक्षण कार्य सम्पन्न गरिएको।
- लगानी बोर्डद्वारा जलविद्युत परियोजनाहरूको कार्यान्वयनको लागि आवश्यक पर्ने विश्वव्यापी मान्यतामा आधारित अन्तर्राष्ट्रिय स्तरको (PDA- Project Development Agreement) तयार गरिएको।
- गरिबी निवारण कोषले देशका बिभिन्न ४० वटा जिल्लाहरूमा नियमित कार्यक्रम तथा ४ वटा जिल्लाहरूमा सिर्जनशील कार्यक्रम अन्तर्गत आ.ब. २०६९/०७० मा १,५०१ आय आर्जन कार्यक्रमहरू, ४२१ सामुदायिक पूर्वाधार विकास कार्यक्रमहरू, र ६९ सिर्जनशील कार्यक्रम कार्यान्वयन गरेको। गरिबी निवारण कोषको कार्यक्रम थप १५ जिल्लामा विस्तार गर्न सहयोगी संस्थाहरूको छनौट प्रक्रिया थालिएको।

## २. अर्थ मन्त्रालय

**आर्थिक वर्ष २०६९/७० मा सम्पादन भएका मुख्य-मुख्य कार्यहरुः**

- अर्थ मन्त्रालयमा कार्यरत कर्मचारीको सरूवा तथा पदस्थापना नीति, २०६९ तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको।
- आन्तरिक राजस्व विभागको Strategic Plan 2012/13(2016/17)तथा त्रिवर्षीय कर प्रणाली सुधार कार्ययोजना (Reform Plan 2012/13(2014/15)कार्यान्वयनमा ल्याइएको।
- अर्थ मन्त्रालयका सचिब र महानिर्देशक एवं महाशाखा प्रमुखको पदमा कार्यरत कर्मचारी बीचमा कार्य सम्पादन करार गर्ने व्यवस्थाका लागि कार्य सम्पादन सम्झौता निर्देशिका र आवश्यक सूचकांक तयार गरिएको।
- बचत तथा ऋण सहकारी संस्थाहरूको नियमनका लागि अपनाउनुपर्ने विधि र प्रक्रियाका सम्बन्धमा अध्ययन गरी सुझाव दिन समिति गठन भईप्रतिवेदन पेश भएको।
- Nepal Portfolio Performance Review (NPPR)को २०१२ को वार्षिक बैठक सम्पन्न भएको।
- नेपालमा प्राप्त बैदेशिक सहायताको वर्तमान अवस्था चित्रण गरी विकास सहायता प्रतिवेदन (Development Cooperation Report-DCR2012)प्रकाशन भएको।
- नेपालमा अन्तर्राष्ट्रिय आर्थिक सहायताको जिल्लागत अवस्था सम्बन्धमा जानकारी प्रदान गर्ने उद्देश्यका साथ District Aid Profilieतयार गरी प्रकाशन गरिएको।
- नेपालमा अन्तर्राष्ट्रिय आर्थिक सहायताको अवस्थाका सम्बन्धमा पारदर्शिता अभिवृद्धि गर्दै सर्वसाधारणलाई सहज पहुँचका लागि सहायता व्यवस्थापन प्रणाली (Aid Management Platform) लाई सार्वजनिक गरिएको।
- ग्रामीण स्वावलम्बन कोषको सञ्चालनलाई व्यवस्थित गर्न ग्रामीण स्वावलम्बन कोष सञ्चालन निर्देशिका, २०६९तर्जुमा गरिएको।
- लैङ्गिक उत्तरदायी बजेट तर्जुमा दिग्दर्शन, २०६९ तयार गरिएको।
- नेपालको सार्वजनिक क्षेत्रको लेखा, लेखांकन र प्रतिवेदन, लेखाका सर्वमान्य सिद्धान्त अनुकूल हुने गरी अन्तर्राष्ट्रिय स्तरको बनाउने उद्देश्यले नेपाल सार्वजनिक क्षेत्र लेखामान (Nepal Public Sector Account Standard-NPSAS) लाई नेपाली भाषामा रूपान्तरण गरिएको।

आर्थिक वर्ष २०६९/७० को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमको प्रगतिः

| बुदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| २५ | सम्पत्ति शुद्धीकरण नियन्त्रणका लागि अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरूप आवश्यक कानुनहरू निर्माण गरिने छ। राजस्व प्रशासनलाई अनुशासित, मर्यादित र व्यावसायिक बनाइने छ। राजस्व प्रशासनमा कार्यरत कर्मचारीहरूको क्षमता अभिवृद्धि गरी राजस्व प्रशासनलाई करदातामैत्री र प्रविधियुक्त बनाइने छ। राजस्व चुहावट कार्यमा संलग्न सबैलाई हदैसम्मको कारवाही गर्ने नीति अवलम्बन गरी राजस्व चुहावट नियन्त्रण गरिने छ। | • मन्त्रालयमा कायम रहेको सबै पदहरूको कार्य विवरणलाई अद्यावधिक गर्ने कार्य थालनी गरिएको।<br>• मन्त्रालय मातहतका निकायमा कार्यरत कर्मचारीहरूले पालना गर्नुपर्ने आचारसंहिता तयार गरी जारी गरिएको।<br>• राजस्व तथा औद्योगिक सुरक्षा निर्देशिका, २०६९ स्वीकृत भई लागू भएको।<br>• "सम्पत्ति शुद्धीकरण (मनीलाउण्डरीङ्ग) निवारण (दोश्रो संशोधन) अध्यादेश,२०७०" र "कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का तथा जफत) अध्यादेश, २०७०" जारी गरिएको।<br>• राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) नियमावली, २०७० जारी गरिएको।<br>• चुरोट बाहेकका सूर्तिजन्य वस्तुहरूमा पनि अन्तःशुल्क स्टिकर लगाउनु पर्ने व्यवस्था गरिएको। |
| २६ | सार्वजनिक खर्चलाई मितव्ययी बनाउँदै आर्थिक अनुशासन कायम गरिनेछ। विनियोजित रकम समयमा निकासा नदिने, समयमा ठेक्कापट्टा नगर्ने, खर्च भएको रकम समयमा लेखापरीक्षण नगराउने, आर्थिक अनुशासन पालना नगर्ने प्रवृत्ति एवं भ्रष्टाचारजन्य क्रियाकलापप्रति शून्य सहनशीलताको नीति लिइनेछ। | • मन्त्रालयमा रहेका सवारी साधनको मर्मत खर्चलाई व्ययस्थित गर्न मर्मत खर्च निर्देशिका, २०६९ लागू गरिएको।<br>• अर्थ मन्त्रालयको बेरूजु शतप्रतिशत तथा अर्थ मन्त्रालय अन्तर्गतका निकायहरूको बेरूजु ५१.२६ प्रतिशत फछ्र्यौट भएको।<br>• काठमाण्डौ कोष तथा लेखा नियन्त्रण कार्यालय अन्तर्गत ५ वटा सेवा कार्यालय स्थापना गरिएको र ७५ जिल्लामा एकल खाता कोष प्रणाली लागू गरिएको, |
| ४० | राजस्व चुहावट नियन्त्रण र उद्योगहरूको सुरक्षाका लागि व्यवस्था गरिएको राजस्व तथा औद्योगिक सुरक्षा बललाई प्रभावकारी रूपमा परिचालन गर्ने व्यवस्था मिलाएको छु। | • राजस्व तथा औद्योगिक सुरक्षा निर्देशिका, २०६९ जारी भएको।<br>• सशस्त्र प्रहरी अन्तर्गत कुल २२५० जनाको दरवन्दी स्वीकृत भै राजस्व तथा औद्योगिक सुरक्षा निर्देशनालय स्थापना भई कार्य आरम्भ भएको। |
| ४७ | वित्तीय क्षेत्र सबलीकरणका लागि सरकारी स्वामित्वमा भएका बैंकहरूको पूंजीकरण, वित्तीय पहुँच अभिवृद्धि र बैंक तथा वित्तीय संस्थाको मर्जरको नीतिलाई निरन्तरता दिंदै सबै ग्रामीण | • एन.आई.डि.सी.विकास वैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको मर्जर गर्ने सम्बन्धमा प्रारम्भिक कार्य भएको।<br>• नेपाल बैंक लिमिटेडमा रहेको नेपाल सरकारको शेयरमध्ये ५ प्रतिशत शेयर बैंकका कर्मचारीहरूलाइ OTC मार्फत |

| | | |
|---|---|---|
| | विकास बैंकहरूगाभ्ने कार्य अगाडि बढाइने छ। | बिक्री गरिएको। उक्त बैंकको शेयर पुनःसुचीकरण (Re-Listing) गर्न नेपाल धितो पत्र बोर्डलाई निर्देशन दिइएको।<br>• नेपाल बैंक लिमिटेडको पूँजी वृद्धि योजना स्वीकृत गरी सो अनुसार पुँजी वृद्धिगर्ने, हकप्रद शेयर खरिद हर्ने लगायतका कार्य गरिएको। |

## ३. उद्योग मन्त्रालय

**आर्थिक वर्ष २०६९/७० मा सम्पादन भएका मुख्य-मुख्य कार्यहरू**

- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई आन्तरिकीकरण गरी ४५ जिल्लामा विस्तार गरिएको। आगामी ५ वर्ष भित्र ७५ जिल्लामा विस्तार गर्ने गरी रणनीतिक योजना तयारी कार्य अन्तिम चरणमा पुगेको।
- विशेष आर्थिक क्षेत्र आयोजनालाई विशेष आर्थिक क्षेत्र विकास समितिमा रूपान्तरण गर्न विशेष आर्थिक क्षेत्र विकास समिति गठन आदेश, २०६९ जारी गरिएको।
- कम्पनी रजिष्ट्रारको कार्यालयबाट Online Registration बाट सेवा प्रवाहको थालनी भएको।
- औद्योगिक सुरक्षा बल गठन प्रक्रिया अन्तिम चरणमा पुगेको।

**आर्थिक वर्ष २०६९/७० को बजेट बक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमको प्रगति**

| बुदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| २१ | आर्थिक विकासमा आवश्यक पर्ने लगानीको स्रोत जुटाउन, नयाँ प्रविधिहरूभित्र्याउन र अन्तर्राष्ट्रिय क्षेत्रमा विकसित नयाँ ज्ञान आर्जन गर्ने प्रयोजनका लागि वैदेशिक सहायता परिचालन गरिने छ। मुलुकको प्राथमिकतामा परेका भौतिक तथा सामाजिक पूर्वाधार विकास आयोजनाहरूका लागि वैदेशिक सहायता परिचालन गर्ने नीति अवलम्बन गरिने छ। | आर्थिक विकासमा आवश्यक पर्ने लगानीको स्रोत जुटाउन, नयाँ प्रविधिहरूभित्र्याउन र अन्तर्राष्ट्रिय क्षेत्रमा विकसित नयाँ ज्ञान आर्जन गर्ने प्रयोजनका लागि Technology Development Fundको स्थापना गरिएको। |
| ३५ | आगामी दुई वर्षभित्र मुलुक सिमेण्टमा आत्मनिर्भर हुने अवस्था रहेको हुँदा सिमेण्ट उद्योगका लागि पहुँच मार्ग र विद्युत प्रसारण लाइन सरकारको तर्फबाट निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ। यसका लागि चालु आर्थिक वर्षको बाँकी अवधिको लागि आवश्यक थप बजेटको व्यवस्था मिलाएको छु। | नेपाल सरकार उद्योग मन्त्रालयको लगानीमा सडक विभागका डिभिजन कार्यालयहरूमार्फत देशका विभिन्न स्थानमा रहेका १४ वटा सिमेण्ट उद्योगहरूका लागि खानी स्थल पहुँच सडक निर्माण र १० स्थानमा उद्योगहरूमा विद्युत प्रसारण लाइन विस्तार भैरहेका। |
| ३६ | विगत पच्चीस वर्षदेखि एउटा पनि थप औद्योगिक क्षेत्र स्थापना हुन नसकेको | भैरहवा विशेष आर्थिक क्षेत्रको संचालन आ.व. ०७०/७१ मा हुने गरी काम अन्तिम चरणमा |

| | | |
|---|---|---|
| | परिप्रेक्ष्यमा थप एउटा औद्योगिक क्षेत्रको स्थापना गर्ने कार्य अगाडि बढाइनेछ। भैरहवाको विशेष आर्थिक क्षेत्रलाई यही आर्थिक वर्षको अन्तसम्ममा सम्पन्न गरी सञ्चालनमा ल्याउने व्यवस्था मिलाएको छ। | रहेको। रूपन्देही जिल्लाको मोतिपुर बुटवल औद्योगिक कोरिडोर निर्माणको कार्य अगाडि वढाउन Inception Report स्वीकृत भईसकेको। |
| ३७ | रूग्ण उद्योगहरूको पुनर्स्थापनाका लागि रूग्ण उद्योग पुनर्स्थापना समितिको सिफारिस बमोजिमका सुविधा तथा प्रोत्साहन उपलब्ध गराउने कार्यहरू अगाडि बढाइनेछ। यसैगरी पश्मिना उद्योगको ट्रेडमार्क थप पाँचवटा देशमा दर्ता गर्नका लागि बजेट व्यवस्था गरेको छ। | रूग्ण उद्योगको पहिचान र सिफारिस गर्ने कार्य निरन्तर भईरहेको छ।निवेदन पेश गरेका उद्योगहरूको भौतिक एवं वित्तिय स्थितिको अध्ययन गरी हालसम्म १० वटालाई सिफारिस साथ निर्णय प्रक्रिया अगाडि बढाइ सकिएको छ। |
| ३८ | महिला उद्यमशीलता विकास कोष र प्रविधि विकास कोषमा आवश्यक बजेटको व्यवस्था गरेको छ। यसैगरी काठमाडौंमा एउटा राष्ट्रिय घरेलु तथा साना उद्योग प्रदर्शनी तथा बिक्री स्थलको पूर्वाधार निर्माणको प्रारम्भिक कार्य गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छ। | महिला उद्यमशीलता विकास कोष र प्रविधि विकास कोष स्थापनाको चरणमा रहेको। काठमाडौंमा एउटा राष्ट्रिय घरेलु तथा साना उद्योग प्रदर्शनी तथा बिक्री स्थलको निर्माण प्रक्रिया अगाडि बढाइएको। |
| ४० | राजस्व चुहावट नियन्त्रण र उद्योगहरूको सुरक्षाका लागि व्यवस्था गरिएको राजस्व तथा औद्योगिक सुरक्षा बललाई प्रभावकारी रूपमा परिचालन गर्ने व्यवस्था मिलाएको छ। | उद्योग र औद्योगिक क्षेत्रहरूको सुरक्षाका लागि औद्योगिक सुरक्षाबल गठन भई कार्यान्वयन अन्तिम चरणमा पुगेको। |

## ४. ऊर्जा मन्त्रालय

**आर्थिक वर्ष २०६९/७० मा सम्पादन भएका मुख्य-मुख्य कार्यहरू**

- नलसिंह गाड जलविद्युत आयोजना र बुढी गण्डकी जलविद्युत आयोजना विकास समिति गठन आदेश, २०६९ जारी भईदुई अलग अलग विकास समिति गठन भएका छन्।
- लोडसेडिङ न्युनीकरण कार्ययोजना २०६९ लागू गरिएको छ।

**आर्थिक वर्ष २०६९/७० को बजेट बक्तव्यमा उल्लेखित नीति तथा कार्यक्रमको प्रगति**

| बुदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| १७ | ऊर्जा संकट र यातायातको दीगो पहुँचको अभावले गर्दा अपेक्षित रूपमा उद्योगधन्दाको विकास हुन नसकेको, भएका उद्योगधन्दाको कारोवार लागत उच्च हुन गई उत्पादन महँगो हुन गएको र आवश्यक मात्रामा | आयोजना विकास सम्झौताको नमूना स्वीकृत भएको कुल १,२९७ मे.वा. क्षमताको २६ वटा विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र तथा कुल ७६८.४६ मे.वा. क्षमताको २६ वटा विद्युत उत्पादन आयोजनाको अनुमतिपत्र एवं |

| | | |
|---|---|---|
| | विदेशी लगानी भित्र्याउन नसकिएको परिप्रेक्ष्यमा ऊर्जा र यातायात एवं पूर्वाधार विकास जस्ता विकासका लागि अपरिहार्य क्षेत्रमा लगानी बढाइने छ। सरकारले विद्युत प्रसारण लाइनमा लगानी बढाउने र निजी क्षेत्रलाई जलविद्युत आयोजनामा लगानी वृद्धि गर्ने वातावरण तयार गरिनेछ। | २७ वटा विद्युत प्रसारण लाईन आयोजना सर्भेक्षण तथा ६ वटा विद्युत प्रसारण लाईन आयोजना निर्माण अनुमतिपत्र जारी भएको। |
| ४१ | विद्युतको माग र आपूर्तिबीच बढ्दै गएको अन्तरलाई न्यूनीकरण गरी लोडसेडिङ घटाउन थप बजेटको व्यवस्था गरेको छु। विराटनगरको मल्टीफ्यूल प्लान्ट र हेटौंडाको डिजेल प्लान्टको अधिकतम सञ्चालन गर्न आवश्यक बजेट छुट्याएको छु। नेपालभित्रै जलविद्युत आयोजनाहरूको निर्माण गर्न निजी क्षेत्रका प्रवर्द्धकहरूलाई प्रोत्साहित गरिनेछ। देशभित्र जलविद्युत उत्पादन पर्याप्त नहुन्झेलसम्म लोडसेडिङ घटाउन भारतबाट आयात गरिने विद्युतको लागत र बिक्री मूल्यको अन्तर सरकारले व्यहोर्ने व्यवस्था गरेको छु। | बिराटनगरको मल्टिफ्युल प्लाण्टर हेटौंडाको डिजेल प्लाण्ट मर्मत गरी परीक्षण उत्पादन सुरू गरिएको। भारतबाट अधिकतम् १७० मेगावाटसम्म विद्युत आयात भएको। |
| ४२ | जलविद्युत उत्पादनमा निजी क्षेत्रलाई प्रोत्साहित गर्ने नीतिलाई निरन्तरता दिइनेछ। सरकारले खुला प्रतिस्पर्धाबाट नेपालका निजी क्षेत्रलाई निर्माण गर्न दिएका छवटा विद्युत आयोजनाहरूका लागि पूर्व प्रतिबद्धता अनुरूप निर्माण गर्नुपर्ने विद्युत प्रसारण लाइनहरूको निर्माण अविलम्ब आरम्भ गर्न पर्याप्त बजेटको व्यवस्था गरेको छु। कोशी कोरिडोर, मेची कोरिडोर, कालीगण्डकी कोरिडोर र सोलु कोरिडोर लगायतका प्रसारण लाइनका आयोजनाहरूलाई प्राथमिकतापूर्वक बजेट व्यवस्था गरेको छु। | २५० मिलियन यु.एस. डलरको लाइन अफ क्रेडिट (LOC) अन्तर्गत राहुघाट जलविद्युत आयोजना, २२० के.भी. कोशी कोरिडोर, १३२ के.भी. सोलु कोरिडोर र १३२ के.भी. मोदी-लेखनाथ प्रसारण लाइन आयोजनाहरूको प्रस्ताव स्वीकृत भएको छ। |
| ४३ | सरकारी स्तरमा बन्न लागेको हालसम्मकै ठूलो निर्माणाधीन माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको निर्माण कार्यलाई तीव्रता दिन सरकारको तर्फबाट उपलब्ध गराउनुपर्ने रकमको व्यवस्था मिलाएको छु। | यो आ.व.मा नेपाल सरकारको तर्फबाट माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको लागि रू.२ अर्ब विनियोजन भएको छ। त्यस्तै गरी बुढीगण्डकी र नलसिंह गाड जलविद्युत आयोजनाको विकासका लागि विकास समिति |

| | | |
|---|---|---|
| | साथै बुढीगण्डकी र नलसिं गाड जलविद्युत आयोजनाको लागि आवश्यक रकमको व्यवस्था गरेको छ। | गठन भई कार्य आरम्भ भएको। |

## ५. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

आर्थिक वर्ष २०६९७०/ मा सम्पादन भएका मुख्य मुख्य कार्यहरू

- नयाँ बनाउने ऐनको लागि सिद्धान्त स्वीकृति, नयाँ विधेयक, अध्यादेश तर्जुमा, संशोधन विधेयक तर्जुमा, नयाँ नियम तथा नियमको संशोधन मस्यौदाको तर्जुमा र गठन आदेशको तर्जुमा समेत गरी विभिन्न विषयमा विभिन्न मन्त्रालयलाई १७९ वटा विषयमा मस्यौदा तर्जुमा तथा सहमति उपलब्ध गराइएको।

**आर्थिक वर्ष २०६९/७० को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमको प्रगति**

| बुदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| २३ | शान्ति सुरक्षा र मानव अधिकारको प्रत्याभूतिको विश्वसनीय व्यवस्था मिलाइनेछ। निष्पक्ष, पारदर्शी र छिटो छरितो न्याय सम्पादनको लागि न्याय प्रशासनलाई प्रभावकारी बनाइनेछ। | महिला तथा बालबालिकाको अधिकार, जातीय भेदभाव विरूद्धको अधिकार, महिला हिंसा लगायत मानव अधिकार र कानूनको बारेमा सामुदायिक स्तरमा पुगेर सचेतना कार्यक्रम सञ्चालन गरिएको, कानूनी सहायताको लागि निःशर्त चालु अनुदान अन्तर्गत नेपाल बार एशोसिएसन मार्फत उक्त रकम प्रदान गरिएको र निशुल्क कानूनी सहायताको विषयमा चैत्र मसान्त सम्म करिब ५,५५५ जनालाई जानकारी दिइएको। |

## ६. कृषि विकास मन्त्रालय

**आर्थिक वर्ष २०६९/७० को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमको प्रगति**

| बुदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| १६ | कृषि उत्पादनमा वृद्धि गरी आयात प्रतिस्थापन तथा खाद्य सुरक्षा कायम गर्ने गरी कृषिका कार्यक्रमहरू सञ्चालन गरिनेछन्। | • ६ स्थानमा (कीर्तिपुर, पाल्पा, धनकुटा, तेह्थुम, भोजपुर मकवानपुर) कागती मिसन कार्यक्रम सञ्चालनमा रहेको।<br>• ७५ जिल्लामा व्यावसायिक कृषि तथा व्यापार आयोजना सञ्चालनमा रहेको।<br>• १० जिल्लामा उच्च मूल्य कृषि वस्तु बिकास आयोजना सञ्चालनमा रहेको।<br>• १० जिल्लामा साना तथा मझौला कृषक आयस्तर वृद्धि आयोजना सञ्चालनमा रहेको।<br>• बीउ आलु आत्मनिर्भर कार्यक्रम अन्तर्गत १० मेट्रिक टन क्षमताको रष्टिक स्टोर निर्माण शुरूगरिएको। |

| | | |
|---|---|---|
| | | • बेमौसमी तरकारी उत्पादन कार्यक्रम अन्तर्गत १८० हेक्टरमा बेमौसमी तरकारी उत्पादनका लागि उन्नत बीउबिजन स्प्रेयर प्लाष्टिक घर निर्माण गरिएको।<br>• अलैंचीको रोग व्यवस्थापन तथा नर्सरी स्थापना कार्यक्रम अन्तर्गत पूर्वाञ्चलमा ६ वटा अलैंचीको निजी नर्सरी स्थापना गरिएको।<br>• ८ जिल्लामा स्याउ आत्मनिर्भर कार्यक्रम सञ्चालनमा रहेको।<br>• मत्स्य बिकास कार्यक्रम र बाली बिकास कार्यक्रम सञ्चालनमा रहेको।<br>• ९ जिल्लामा अभियानमुखी मकै भटमास उत्पादन कार्यक्रम र १२ जिल्लाहरूमा अभियानमुखी तेल बाली उत्पादन कार्यक्रम सञ्चालनमा रहेको।<br>• समुदाय व्यवस्थित सिञ्चित कृषि क्षेत्र कार्यक्रम सञ्चालनमा रहेको।<br>• कृषि व्यवसाय प्रबर्द्धन तथा बजार बिकास कार्यक्रम सञ्चालनमा रहेको।<br>• सहकारी खेती, साना सिंचाई तथा मलबीउ ढुवानी कार्यक्रम सञ्चालनमा रहेको।<br>• ३९ जिल्लामा एकीकृत जलश्रोत व्यवस्थापन आयोजना सञ्चालनमा रहेको।<br>• २३ जिल्लामा खाद्य सङ्कट सम्बोधन कार्यक्रम सञ्चालनमा रहेको।<br>• कर्णाली अञ्चल बिशेष कृषि बिकास कार्यक्रम अन्तर्गत कृषि प्रसार कार्यक्रम (निक्षेपित कार्यक्रम) १३ जिल्लामा सञ्चालित मत्स्य मिसन कार्यक्रम अन्तर्गत ३१ हेक्टरमा पोखरी निर्माण, ११ हेक्टरको पोखरी ईटाभट्टाको सुदृढीकरण गरिएको।<br>• बाली संरक्षण कार्यक्रम माटो परीक्षण तथा सेवा सुधार कार्यक्रम अन्तर्गत कृषि इञ्जिनियरिङ्ग कार्यक्रमतर्फ प्रविधि प्रदर्शन र मेसिनरी औजारको मर्मत सम्भार सम्बन्धी निजीस्तरमा श्रोत केन्द्र स्थापना गरिएको।<br>• कृषकका लागि उन्नत बीउबिजन कार्यक्रम ६ जिल्लाहरूमा शुरू गरिएको।<br>• १९ जिल्लामा नेपाल कृषि तथा खाद्य सुरक्षा आयोजना सञ्चालनमा रहेको।<br>• २४ जिल्लामा खाद्य सुरक्षा प्रबर्द्धन आयोजना अन्तर्गत दूधालु गाईको वंश सुधार, भैंसीको जातीय सुधार, Multiplier Herd को बिकास तथा बिस्तार र बाख्राको श्रोत केन्द्र बिकास गरिएको छ। |

| | | |
|---|---|---|
| | | • रेबिज बिरूद्ध विभिन्न खोप उत्पादन गरिएको।<br>• पशु बिकास सेवा कार्यक्रम अन्तर्गत विभिन्न कार्क्रमहरू सञ्चालनमा रहेको।<br>• कर्णाली अञ्चल बिशेष पशु सेवा कार्यक्रम अन्तर्गत विभिन्न कार्क्रमहरू सञ्चालन गरिएको।<br>• २२ जिल्लामा कबुलियती वन तथा पशु बिकास कार्यक्रम र सामुदायिक पशु बिकास आयोजना अन्तर्गत बिभिन्न कार्यक्रमहरू सञ्चालन गरिएको।<br>• पशु बिकास फार्म अन्तर्गत विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएको।<br>• उच्च पहाडका १० जिल्लामा उच्च पहाड कृषि व्यवसाय तथा जीविकोपार्जन सुधार आयोजना सञ्चालनमा रहेको।<br>• जुनोसिस नियन्त्रण आयोजना सञ्चालन गरिएको।<br>• सहकारी खेती कार्यक्रम अन्तर्गत बङ्गुर तथा कुखुरापालन गरिएको। |
| ३० | कृषिको व्यावसायीकरणका लागि जोखिम न्यूनीकरण गरी कृषकले माछा, पशुपंक्षी र कृषि उपजमा गरेको लगानीलाई सुरक्षित गर्न २०६९ माघ १ गतेदेखि लागू भएको माछा, पशुपंक्षी र बाली बीमा कार्यक्रममा सहभागी कृषकहरूले तिरेको बीमा प्रिमियमवापतको ५० प्रतिशत रकम नेपाल सरकारले व्यहोर्ने गरी बजेट विनियोजन गरेको छु। | • बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने कार्यबिधि, २०७० स्विकृति भएको। |
| ३१ | रासायनिक मलको सहज र सरल तरिकाबाट पर्याप्त मात्रामा आपूर्ति व्यवस्था मिलाउनका लागि आवश्यक थप बजेट विनियोजन गरेको छु। | • १ लाख ४१ हजार ५५८ मेट्रिक टन रासायनिक मल आयात गरिएकोमा १ लाख ५ हजार ६३८ मेट्रिक टन बिक्री भई ३५ हजार ९२० मेट्रिकटन मौज्दात रहेको। |
| ३२ | व्यावसायिक पशुपालनमा दिंइदै आएको ब्याज अनुदानलाई व्यावसायिक | • ब्याज अनुदान दिने सम्बन्धी कार्यबिधिको मस्यौदा तयार भएको। पशुपालन तर्फ नश्ल सुधारका लागि पशु बिकास सेवा कार्यक्रम अन्तर्गत ३५ जिल्लाहरूमा पशु नश्ल सुधार राष्ट्रिय |

| | | |
|---|---|---|
| | कृषिमा समेत दिने र हिमाली भेगमा भेडा, च्याङ्ग्रा जस्ता पशुपालन गरी पश्मिना उद्योगको बिकास गर्न यस्ता पशुपालक कृषकहरूलाई ब्याज अनुदान दिने नीति लिइने छ। पशुपालनतर्फ नश्ल सुधारका लागि थप रकमको व्यवस्था गरेको छु। | अभियान कार्यक्रम सञ्चालन गरिएको।<br>• ३०७ स्थानमा सामुदायिक पशु प्रजनन केन्द्र स्थापना गरिएको।<br>• १ लाख ३९ हजार ५० गाईवस्तुमा कृत्रिम गर्भाधान गरिएको।<br>• खाद्य सुरक्षा प्रबर्द्धन आयोजना अन्तर्गत १४ जिल्लामा भैंसीको जातीय सुधार कार्यक्रमहरू सञ्चालन गरिएको।<br>• सामुदायिक पशु बिकास आयोजना अन्तर्गत १००० हेक्टरमा हिउँदे घाँस बिकास गरिएको।<br>• हिउँदे घाँसको बीउ उत्पादनको लागि ३ स्थानमा करार खेती शुरूगरिएको।<br>• १ लाख ४४ हजार डोज जमेको वीर्य उत्पादन गरिएको।<br>• ४२ हजार लिटर तरल नाइट्रोजन खरीद गरी वितरण गरिएको।<br>• उच्च पहाडका १० जिल्लामा उच्च पहाड कृषि व्यवसाय तथा जीविकोपार्जन सुधार आयोजना लागू गरिएको। |
| ३३ | कृषि उपजको व्यवस्थित बजारीकरण गर्न राजमार्ग क्षेत्रमा पाँचवटा संकलन केन्द्र स्थापना गर्न बजेटको व्यवस्था गरेको छु। यसैगरी उच्च मूल्य भएका फलफूल खेतीलाई प्रोत्साहन गर्ने नीति लिएको छु। | • थोक तथा खुद्रा बजार स्थापना गर्ने भनी ५० स्थानको छनौट कार्य सम्पन्न गरिएको।<br>• कृषि सहकारीहरूबाट माग संकलन गरिएको र कार्यबिधि स्वीकृतिको चरणमा रहेको।<br>• बागबानी बिकास कार्यक्रम अन्तर्गत ८४,८४८ वटा फलफूलका बिरूवा तथा ३,०२,५५९ वटा तरकारीका बेर्ना उत्पादन तथा वितरण गरिएको। |
| ३४ | एक जिल्ला एक उत्पादनको अवधारणा अनुरूप सार्वजनिक-निजी साझेदारीमा ओखलढुंगामा जडिबूटी, अर्घाखाँचीमा मह, रसुवामा ट्राउट माछा, धादिङमा तरकारी खेती र भण्डारण, सिन्धुलीमा सुन्तलाको रस, प्यूठानमा बीउबिजनको उत्पादन र प्याकेजिङ, बारामा डेरी, रौतहटमा मत्स्यपालन, जाजरकोटमा बहुमूल्य पत्थर र मनाङमा पश्मिना ऊनका उद्योगहरूस्थापनाको | • सम्बन्धित जिल्लामा उद्योग स्थापनाका लागि प्रारम्भिक व्यावसायिक योजना(Business Plan) तयारी तथा सोही अनुसारको Activitiesराष्ट्रिय योजना आयोगबाट स्वीकृत भई सञ्चालन गर्ने क्रममा रहेको।<br>• कम्पनी दर्ता, उद्योग स्थापनाका लागि स्थानको छनौट, प्रशोधन उद्योगलाई आवश्यक पर्ने औजार उपकरणहरू खरीदको लागि औजार उपकरण निर्माणमा समन्वय गरिएको। |

| | | |
|---|---|---|
| | प्रारम्भिक कार्यहरूगर्न रू.२ करोड विनियोजन गरेको छ। | |

## .७. गृह मन्त्रालय

**आर्थिक वर्ष २०६९/७० मा सम्पादन भएका मुख्य-मुख्य कार्यहरुः**

- स्थानीय प्रशासनलाई समयानुकुल चुस्त, प्रभावकारी,जनमुखी र नतिजामुखी बनाउनका लागि जिल्ला प्रशासन कार्यालयको १० बर्षे गुरूयोजनाको मस्यौदा तर्जुमा गरिएको।
- नेपाल नागरिकता ऐन,२०६३ लाई संसोधन गर्न बनेको अध्यादेश, २०७० स्वीकृत गरिएको।
- औद्योगिक सुरक्षा वल गठन गरिएको।
- हातहतियार मुआब्जा सम्बन्धी मापदण्ड, २०७० को मस्यौदा स्वीकृत भएको। विभिन्न भूमिगत समूह लगायत अन्य व्यक्तिहरूसंग रहेका ६,७४५ थान हतियार संकलन गरिएको।

**आर्थिक वर्ष २०६९/७० को बजेट वक्तव्यमा उल्लेखित नीति तथा कार्यक्रमको प्रगतिः**

| वुदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| २३ | शान्ति सुरक्षा, कानुनी शासन र मानव अधिकारको प्रत्याभूतिको विश्वसनीय व्यवस्था मिलाइने छ। निष्पक्ष, पारदर्शी र छिटोछरितो न्याय सम्पादनका लागि न्याय प्रशासनलाई प्रभावकारी बनाइनेछ। | • मुलुकमा शान्ति सुव्यवस्था एवं सुरक्षा मजबुत बनाउने आन्तरिक सुरक्षा नीति पारित गरी कार्यान्वयन गरिएको ।<br>• केन्द्रीय अनुसन्धान व्युरो नियमावली,२०७० पारित गरिएको।<br>• अध्यागमन विभाग र मातहत कार्यालयहरूका अध्यागमन सम्बन्धी कसुरमा पुर्पक्षका लागि रहने थुनुवा र थुनुवाकक्षको व्यवस्थापनका लागि अध्यागमन र विभागबाट “अध्यागमन हिरासत व्यवस्थापन निर्देशिका, २०६९”कार्यान्वयनमा ल्याइएको।<br>• सेवा प्रवाहलाई प्रभावकारी बनाउन घुम्ति शिविर सन्चालन गरिएको।<br>• नागरिकता टोलीद्वारा ६०३०९४ वटा नागरिकता वितरण गरिएको।<br>• अतिविशिष्ट तथा विशिष्ट व्यक्तिको सुरक्षा व्यवस्थापन कार्यविधि, २०६९ स्वीकृत भै कार्यन्वयनमा रहेको।<br>• सशस्त्र प्रहरी बल परिचालन निर्देशिका, २०६९, स्वीकृत भै कार्यन्वयनमा रहेको।<br>• हातहतियार खरखजाना एवं विष्फोटक पदार्थ व्यवस्थापन निर्देशिका २०६९ पारित गरिएको।<br>• स्थानीय प्रशासनलाई समयानुकशुल, प्रभावकारी, जनमुखी र नतिजामुखी बनाउनका लागि जिल्ला प्रशासन कार्यालयको १० बर्षे गुरूयोजनाको मस्यौदा तर्जुमा गरिएको। |

## ८. परराष्ट्र मन्त्रालय

### आर्थिक वर्ष २०६९/७० मा सम्पादन भएका मुख्य-मुख्य कार्यहरू

- विश्वका विभिन्न देशहरूमा कूटनीतिक सम्बन्ध विस्तार गर्ने क्रममा आर्थिक वर्ष२०६९/७० मा उरूग्वे, मौरिटानिया, टुभालु, सामोआ र पपुआ न्यूगिनीसँग कुटनीतिक सम्बन्ध स्थापना गरिएको। यी राष्ट्रहरूसहित हालसम्म नेपालले कूटनीतिक सम्बन्ध स्थापना गरेका मुलुकहरूको संख्या १३९ पुगेको।
- व्यापार, पर्यटन प्रवर्धन तथा विदेशमा रहेका नेपालीहरूलाई कन्सुलर सेवा प्रदान गर्न चीनको ग्वान्जाउमा महवाणिज्यदूतावास र साउदी अरेवियाको जेद्दामा वाणिज्य दूतावास स्थापना गर्ने निर्णय भएको।
- नेपाल संयुक्त राष्ट्र संघ, आर्थिक तथा सामाजिक परिषद् (Economic and Social Council- ECOSOC) को सन् २०१३ देखि २०१५ को अवधिको लागि सदस्य पदमा निर्वाचित भएको।
- अप्रिल ४ देखि ५, २०१३ सम्म काठमाण्डौमा SAARC Ministers on Poverty alleviationको तेस्रो बैठक सम्पन्न भएको।
- नेपाल सरकारले सन् २०२२ भित्रै नेपाललाई अतिकम विकसित राष्ट्रबाट स्तरोन्नति गर्ने निर्णय गरेको समेतको पृष्ठभूमिमा इस्तान्वुल कार्ययोजना र अल्माटी कार्ययोजनाको नेपालमा कार्यान्वयन समेतको अनुगमनका लागि परराष्ट्र मन्त्रीको अध्यक्षतामा उच्चस्तरीय सुपरीवेक्षण अनुगमन समिति गठन भएको।
- व्यक्तिगत श्रम स्वीकृतिमा वैदेशिक रोजगारमा जाने कामदारको श्रम स्वीकृति लिने प्रक्रिया सम्बन्धी निर्देशिका, २०६९ लाई हाल साउदी अरब, कतार, संयुक्त अरब ईमिरेट्स तथा कुवेतमा लागू गरिएको।

## ९. भूमिसुधार तथा व्यवस्था मन्त्रालय

### आर्थिक वर्ष २०६९/७० मा सम्पादन भएका मुख्य-मुख्य कार्यहरू

मुक्त कमैया वृत्ति विकास कार्यक्रम अन्तर्गतः

- ३ वटा उद्यम विकास तालिम दिइएको।
- आय आर्जन प्रवर्धन कार्यक्रम अन्तर्गत ५५ जनालाई ऋण लगानी गरिएको र ६१ जनाबाट ऋण असुली गरिएको।
- ५ जिल्लामा रोजगार सम्पर्क केन्द्र स्थापना भएको।
- ३४ वटासीप विकास तथा दक्षता वृद्धि तालिम दिइएको।

मुक्त कमैया पुनःस्थापना कार्यक्रम अन्तर्गतः

- ३४९ मुक्त कमैयालाई घर निर्माण गर्न सहयोग गरिएको।
- २३६ मुक्त कमैयालाई जग्गा खरिद गर्न अनुदान दिइएको।

ग. मुक्त हलिया पुनःस्थापन कार्यक्रमः

- ४४९७ परिवारलाई परिचयपत्र वितरण गरिएको।

## १०. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

### आर्थिक वर्ष २०६९/७० मा सम्पादन भएका मुख्य-मुख्य कार्यहरू

- पुल निर्माण तर्फ ७५ वटा पुलसम्पन्न गर्ने लक्ष्य भएकोमा, जम्मा १५ वटा पुलको निर्माणसम्पन्न भएको छ।

- सवारी चालक अनुमतिपत्रको परीक्षाका लागि पाठ्यक्रम तयार गरी २०६९ फागुन देखि लागू गरिएकोछ।
- सवारी चालक अनुमतिपत्रको प्रयोगात्मक परीक्षालाई वैज्ञानिक, व्यवहारिक र आधुनिक तरिकाले सञ्चालन गर्ने उद्देश्यले नयाँ प्रयोगात्मक परीक्षा निर्देशिका, २०६९ तयार गरी २०७० वैशाख देखि लागू गरिएको।
- जोगवनी विराटनगर रेलमार्ग निर्माण कार्य भारतीय सरकारको सहयोगमा सञ्चालन भएको।
- बर्दिवास सिमरा खण्ड तथा विरगन्जलिंक रेलमार्गको विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने कार्य सम्पन्न भएको।
- काठमाडौ उपत्यकामा ७७.२८ किलोमिटर मेट्रोको संभाव्यता अध्ययन कार्य पूरा भएको।
- बाग्लुङ्ग-बेनी-जोमसोम सडक (९१ किलोमिटर) आयोजना कालीगण्डकीको तिप्ल्याङ्ग पोखरे बगर, राहु, बेग, लेते, बोक्सी, टुकुचेमा बेलीवृज निर्माण गरी पाईलट ट्र्याक खोल्ने कार्य सम्पन्न भएको।
- छिन्चु-जाजरकोट सडक (१०७ किलोमिटर) आयोजना अन्तर्गत ६२ किलोमिटर देखि १०७ किलोमिटर सम्म नेपाली सेनाले निर्माण शुरू.गरेकोमा जाजरकोटको खलंगासम्म ट्र्याक खोल्ने कार्य सम्पन्न भएको।
- मुसिकोट-बुर्तिवाङ (बाग्लुङ्ग) सडक (१४५ किलोमिटर) १८ किलोमिटर सम्म फिडर रोड निर्माण कार्य सम्पन्न भई रूकुमकोटसम्म (३५ किलोमिटर) ट्र्याक निर्माण कार्य सम्पन्न भएको।
- देवस्थल-कैंनकांडा चौरजहारी सडक (४२ किलोमिटर) आयोजना ट्र्याक खुल्ला गरी स्तरोन्नतीको कार्य भईरहेको।
- बेंसिशहर-चामे सडक (६५ किलोमिटर) आयोजना २०६९ मंसिर ७ गते ट्र्याक खोली सार्वजनिक यातायात सुचारूभैरहेको छ।
- जाजरकोट-डोल्पा (दुनै) सडक (११६ किलोमिटर) मध्ये ६२ किलोमिटरको ट्र्याक खोली सकिएको।
- नाग्मा-गमगढी (मुगु) सडक (९३ किलोमिटर) आयोजना २०६९ पौष १ गते ट्र्याक उद्घाटन भैं सार्वजनिक सुचारू गरिएको।

## ११. महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय

**आर्थिक वर्ष २०६९/७० को बजेट बक्तव्यमा उल्लेखित नीति तथा कार्यक्रमको प्रगति**

| बुदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| ५२ | सामाजिक सुरक्षा कार्यक्रमका लागि महिला, बालबालिका र समाज कल्याणका क्षेत्रहरूमा संचालन हुने कार्यक्रमहरूलाई बजेट अभाव हुन नदिने। | महिला विकास कार्यक्रम, लैङ्गिक समानता तथा महिला सशक्तीकरण कार्यक्रम, जोखिममा रहेका तथा द्वन्द्ववाट प्रभावित बालबालिका एवं परिवारका लागि विकन्द्रीकरण सहयोग सुदृढीकरण आयोजना, समाज कल्याण कार्यक्रम (ज्येष्ठ नागरिक कार्यक्रम समेत), राष्ट्रिय अपाङ्ग महासंघ (नेपाल अपाङ्ग संघ समेत), बाल कल्याण कार्यक्रम, बालबालिका माथिको हिंसा अन्त्यका लागि राष्ट्रिय पहल, लैंगिक हिंसा निवारणका लागि महिला संस्थाहरूको एकीकृत विकास कार्यक्रम, यौनिक तथा लैगिक, अल्पसंख्यक कार्यक्रम, ज्येष्ठ नागरिक उपचार कार्यक्रम संचालन भएको। |

## १२. युवा तथा खेलकुद मन्त्रालय

**आर्थिक वर्ष २०६९/७० मा सम्पादन भएका मुख्य-मुख्य कार्यहरुः**

- स्थानीय युवा साझेदारी कार्यक्रम सञ्चालनका लागि स्थानीय युवा साझेदारी कार्यक्रम सञ्चालन निर्देशिका, २०६९ जारी भएको।
- नेपाल पर्वतारोहण खेलकुद महासंघको अयोजनामा १० खेल समावेश गरी माउन्टेनियरिङ खेलकुद प्रतियोगिता काठमाडौं र पोखरामा आयोजना गरिएको। यसमा एथ्लेटिक्स्, साइक्लिनिङ्, गल्फ, आर्चरी, प्यारागलाइडिङ, घोडचढी, रक क्लाइम्बिङ, ट्राइयाथोलन, ऱ्यफ्टिङ, अटोमोवाइल, बन्जी जम्प खेलका १०५० जना खेलाडी सहभागी भएको।
- २५ जिल्लामा सेमिकभर्डहल निर्माणका लागि प्रारम्भिक कार्य भएको।
- ICC World Cricket League Division 4का विजयी राष्ट्रिय क्रिकेट टिमका खेलाडी तथा प्रशिक्षकलाई पुरस्कार प्रदान गरिएको।

## १३. रक्षा मन्त्रालय

**आर्थिक वर्ष २०६९/७० मा सम्पादन भएका मुख्य-मुख्य कार्यहरू**

- नेपाली सेनाका सबै तहका सैनिक व्यक्तिहरूको वृत्ति विकास तथा पेशागत ज्ञान अभिवृद्धिको लागि ८५० वटा तालिमहरूसंचालन गरिएको।
- वीरेन्द्र शान्ति कार्य तालिम केन्द्रमा विदेशी शिक्षार्थी १८ जना र स्वदेशी शिक्षार्थी ८८ जना सहभागी गराई अन्तर्राष्ट्रिय स्तरका विभिन्न ३ वटा Peacekeeping Operations सम्बन्धी तालिमहरूसंचालन गरिएको।
- नेपाली सेना र मित्रराष्ट्र अमेरिकी सेनाको संयुक्त आयोजनामा विपद् व्यवस्थापन सम्बन्धी विभिन्न तालिम, सेमिनार, अभ्यास तथा गोष्ठीहरूसंचालन गरिएको।
- नेपाली सेनामा समायोजित भई आएका पूर्व माओवादी लडाकुहरूलाई सैन्य समायोजन आधार तालिम प्रदान गरिएको। सो तालिममा अधिकृत ७१ सहित १४२२ जना शिक्षार्थीहरू दिक्षित भएका छन्।
- ८ वटा राष्ट्रिय निकुञ्ज र ४ वटा वन्यजन्तु आरक्ष गरी १२ वटा संरक्षण क्षेत्रमा ७ गण र ७ आनाश्रित गुल्महरू तैनाथ भैरहेको।

## १४. वन तथा भू-संरक्षण मन्त्रालय

**आर्थिक वर्ष २०६९/७० मा सम्पादन भएका मुख्य-मुख्य कार्यहरू**

- "पर्वतीय क्षेत्रको दिगो विकास"भन्ने नाराका साथ अन्तराष्ट्रिय पर्वतीय वर्ष, २०६९ सम्पन्न गरिएको। यसमा जैविक विविधता, वन संरक्षण र दिगो पर्वतीय विकासमा सहयोग पुर्‍याउने उत्कृष्ट समुह र संस्थालाई सम्मानित गरिएको।
- राष्ट्रिय सिमसार नीति, २०६९ जारी भएको।
- कञ्चनजंघा संरक्षण क्षेत्रको व्यवस्थापनको जिम्मेवारी स्थानीय वासिन्दालाई हस्तान्तरण गरिएको।
- राष्ट्रपति चुरे संरक्षण कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि एउटै भू-परिधि (Landscape) मा वन विभाग र भू तथा जलाधार संरक्षण विभागका कार्यक्रम सञ्चालन गरिएको।
- राष्ट्रपति चुरे संरक्षण कार्यक्रम राष्ट्रिय निर्देशन समिति गठन भएको।

## १५. वाणिज्य तथा आपूर्ति मन्त्रालय

### आर्थिक वर्ष २०६९/७० मा सम्पादन भएका मुख्य-मुख्य कार्यहरू

- नेपालको आन्तरिक तथा अन्तर्राष्ट्रिय व्यापार प्रवर्धनका लागि समन्वयात्मक ढङ्गमा कार्यक्रम सञ्चालनमा ल्याउन, व्यापार तथा पारवहन सहजीकरणको क्षेत्रमा अन्तर-सरकारी निकायहरूबीच समन्वय सुदृढ गर्न, अन्तर्राष्ट्रिय संघसंस्था र विकासका सहयात्रीबाट प्राप्त हुने व्यापार सहयोगसम्बन्धी आयोजना कार्यान्वयनमा प्रभावकारिता अभिवृद्धिलगायतका कार्यका लागि "राष्ट्रिय व्यापार तथा यातायात सहजीकरण समिति (National Trade and Transport Facilitation Committee)"गठन।
- सन् २०१२ को डिसेम्बर १४ देखि नेपाल विश्व व्यापार सङ्गठनका अतिकम विकसित सदस्य देशहरूको परामर्शदात्री समूह (LDCs Consultative Group)को संयोजकमा छनौट भएको।
- वाणिज्य तथा आपूर्ति मन्त्रालय र विश्व व्यापार सङ्गठनको संयुक्त तत्वावधानमा व्यापार प्रवर्धन सम्बन्धी राष्ट्रियस्तरको दुई दिवसीय गोष्ठीको आयोजना गरिएको।
- वाणिज्य नीति, २०६५बमोजिम व्यापार नीति विश्लेषण संयन्त्र (Trade Policy Analytical Wing) को रूपमा "व्यापार नीति विश्लेषण एकाइ"स्थापना गरिएको।
- नेपाल व्यापार एकीकृत रणनीति, २०१० ले पहिचान गरेका निर्यातयोग्य वस्तु तथा सेवाहरूको विकास र प्रवर्धन, पश्मिना र औषधीयुक्त तथा सुगन्धित वनस्पति (MAPs) को विकासको लागि २ वटा परियोजना प्रस्तावहरू तयार गरिएको।
- देशको २२ दुर्गम जिल्लाहरूमा वार्षिक ३४,४२० क्वीन्टल नुन ढुवानी गर्ने लक्ष्य भएकोमा लक्ष्य अनुसार नै प्रगति भएको।
- खाद्यान्न ढुवानी अन्तर्गत ३० दूर्गम जिल्लामा १४,६४२ मे.टन खाद्यान्न ढुवानी भएको।
- राष्ट्रिय खाद्य सुरक्षा भण्डारमा २५,००० मे.टन मौज्दात राख्ने प्रतिबद्धता अनुरूप १९६७५ मे.टन खाद्यान्न मौज्दात राखिएको।
- सार्क खाद्य सुरक्षा भण्डारमा ८००० मे.टन खाद्यान्न मौज्दात पुर्‍याइएको।

### आर्थिक वर्ष २०६९/७० को बजेट बक्तव्यमा उल्लेखित नीति तथा कार्यक्रमको प्रगति

| बुदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| १८ | निकासी प्रवर्द्धनमा मुलुकको प्रतिस्पर्धात्मक क्षमतामा ह्रास आएको कारण अर्थतन्त्र आयातमुखी हुन थालेको अवस्थाप्रति सचेत हुँदै आयात निर्यातबीचको अन्तर कम गर्न निकासी मैत्री नीति अवलम्बन गरिने छ। निकासी प्रवर्द्धनका लागि तुलनात्मक र प्रतिस्पर्धी लाभका क्षेत्र पहिचान गरी त्यस्ता वस्तुहरूको विकास, विस्तार, विविधीकरण, बजारीकरण र ब्राण्डिङ्गमा जोड दिइनेछ। | • निकासी प्रवर्द्धनका लागि NTIS 2010 ले पहिचान गरेको वस्तुहरूको प्रवर्द्धनका लागि सरकारी र निजी क्षेत्रवाट विभिन्न कार्यक्रमहरू संचालन गरिएको।<br>• निर्यातजन्य चिया र कफिको सामूहिक ट्रेडमार्क दर्ता कार्य अगाडी बढाइएको।<br>• पश्मिनाको सामूहिक ट्रेडमार्क दर्ता कार्य ४१ वटा देशमा सम्पन्न भएको र थप ५ वटा देशमा दर्ता गर्ने कार्य अगाडी बढाइएको। |
| ३९ | निर्यात प्रवर्द्धन गर्नका लागि स्थापित निर्यात प्रवर्द्धन कोषबाट भुक्तानी हुने निर्यात प्रोत्साहन अनुदान सम्बन्धी कार्यविधि | • निर्यात प्रोत्साहन अनुदान सम्बन्धी कार्यविधि संशोधन गरिएको। |

| | | |
|---|---|---|
| | सरलीकृत गर्नुका अतिरिक्त चालु आर्थिक वर्षको बाँकी अवधिको लागि रू.३० करोड विनियोजन गरेकोछु। | |
| ४५ | आम जनतासँग प्रत्यक्ष सरोकार राख्ने खाद्यान्न, अत्यावश्यक उपभोग्य सामग्रीहरू, रासायनिक मल र पेट्रोलियम पदार्थको आपूर्ति व्यवस्थालाई सहज बनाइनेछ। आम उपभोक्ताका हित संरक्षणका लागि बजार अनुगमन कार्यलाई थप प्रभावकारी तुल्याउन पर्याप्त स्रोत र साधनको व्यवस्था गरेको छु। | • देशको ३० दूर्गम जिल्लाहरूमा १४,६४२ मे.टन खाद्यान्न ढुवानी गरेको।<br>• देशभर २,१६४ व्यवसायीहरूको बजार अनुगमन गरेको।<br>• पेट्रोलियम पदार्थ तथा ग्याँस कारेवार नियमन आदेश २०६९ जारी गरिएको।<br>• घरायसी र व्यावसायिक प्रयोजनका लागि रातो र निलो रंगको सिलिण्डर को प्रयोग र वितरण सम्बन्धी आदेश, २०६९ जारी भई नेपाल आयल निगम मार्फत उपभोक्ता राहत कार्ड वितरण भईरहेको।<br>• अत्यावश्यक वस्तुको अधिकतम खुद्रा मूल्य तोकिएको। |

## १६. विज्ञान प्रविधि तथा वातावरण मन्त्रालय

### आर्थिक वर्ष २०६९/७० मा सम्पादन भएका मुख्य-मुख्य कार्यहरू

- जलवायु परिवर्तनबाट प्रतिकूल प्रभाव न्यूनीकरण गर्न अनुकुलन, प्रकोप तथा जोखिम न्यूनिकरण, न्युन कार्बन उत्सर्जन र जलवायु अनुकूलनका कार्यक्रमहरू नियमित रूपमा संचालन गरिएको।
- राष्ट्रिय अनुकूलन कार्यक्रम र जलवायु परिवर्तन नीति, २०६७ ले निर्दिष्ट गरे बमोजिम मध्यपश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चलका १४ जिल्लाका ६९ वटा गा.वि.स. र टीकापुर नगरपालिकामा स्थानीय अनुकूलन कार्ययोजना निर्माण गरिएको।
- ध्वनिको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड२०६९, वायुको गुणस्तर सम्बन्धी मापदण्ड २०६९, सवारी प्रदुषण मापदण्ड, २०६९, सिमेण्ट र क्रसर उद्योगबाट निष्काशन भई हावामा जाने धुलो सम्बन्धी मापदण्ड २०६९, डिजेल जेनेरेटरबाट निष्कासन भई हावामा जाने धुवाँ सम्बन्धी मापदण्ड २०६९ र ब्वाइलरको संचालनबाट निष्काशन हुने धुवा तथा चिम्नीको उचाई सम्बन्धी मापदण्ड २०६९ जारी गरिएको।
- काठमाण्डौ उपत्यकाको वायुको गुणस्तर अनुगमन गर्ने कार्य प्रारम्भ गरिएको।
- सामयिक परिमार्जन सहितको नयाँ नवीकरणीय ऊर्जा अनुदान नीति, २०६९ जारी भएको।

## १७. शान्ति तथा पुननिर्माण मन्त्रालय

### आर्थिक वर्ष २०६९/७० मा सम्पादन भएका मुख्य-मुख्य कार्यहरू

- विभिन्न शिविरहरूमा रहेका लडाकुहरूको दुई चरणको प्रमाणीकरण पश्चात् कायम रहेका १७,०५१ लडाकुहरू मध्ये १४२२ जना नेपाली सेनामा समायोजनको क्रममा तालिममा रहेका, ६ जनाले पुनर्स्थापना रोजी विभिन्न सीपमूलक तालिम लिएका र अरूबाँकी सबै लडाकुहरूले स्वेच्छिक अवकास लिएका।
- द्वन्द्वको समयमा क्षतिग्रस्त भएका भौतिक संरचनाहरूमो पुनर्निर्माण गर्ने क्रममा १३ वटा संरचनाहरूको निर्माण कार्य सम्पन्न भएको।
- वेपत्ता व्यक्ति छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग सम्बन्धी अध्यादेश जारी भएको।
- सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाहरूको पुनर्स्थापना एवं पुनर्एकीकरणका लागि कार्यक्रमहरू जारी रहेको रहेको।

## १८. शिक्षा मन्त्रालय

### आर्थिक वर्ष २०६९/७० मा सम्पादन भएका मुख्य-मुख्य कार्यहरू

- बालबालिकाहरूको सर्वाङ्गीण विकास तथा आधारभूत शिक्षाका तयारीका लागि बालविकास केन्द्रको स्थापना भएको।
- शिक्षामा पहुँचको विस्तार गर्न दलित, गरिब तथा पिछडिएका एवम् सीमान्तकृत समुदायका सबै बालबालिकाहरूलाई निःशुल्क पाठ्यपुस्तक वितरण गरिएको।
- ५५ जिल्लामा विद्यालय नक्साङ्कनको कार्य भएको।
- धनकुटा, रसुवा, कपिलवस्तु, बाँके र डडेलधुरामा एकीकृत माध्यमिक शिक्षा कक्षा (९-१२) लाई परीक्षणको रूपमा लागू गरिएको।
- पिछडीएका तथा हिमाली क्षेत्रका विद्यार्थीहरूको आधारभूत शिक्षामा पहुँच सहज र सुनिश्चित बनाउन मुस्ताङ, हुम्ला, जुम्ला, ताप्लेजुङ, संखुवासभा, सोलुखुम्बु, रसुवा, गोरखा, जुम्ला र दार्चुलामा आवासीय विद्यालय एवं हिमाली छात्रावास सञ्चालन गरिएको।

## १९. श्रम तथा रोजगार मन्त्रालय

**आर्थिक वर्ष २०६९/७० मा सम्पादन भएका मुख्य-मुख्य कार्यहरू**

- व्यक्तिगत श्रम स्वीकृतिमा वैदेशिक रोजगारीमा जाने कामदारहरूको श्रम स्वीकृति लिने सम्बन्धी निर्देशिका, २०६९ जारी गरिएको।
- वैदेशिक रोजगार अभिमुखीकरण तालिम संस्थाहरूको दर्ता मापदण्ड परिमार्जन भएको।
- यु.ए.ई., कतार, ओमान र बहराइनको न्यूनतम पारिश्रमिक निर्धारण गरिएको।
- वैदेशिक रोजगार बिभागमा क्षतिपूर्ति सहितको नागरिक बडापत्र लागू भएको।
- चितवनमा २५ जना महिला श्रमिकलाई दुई दिने श्रमिक महिला शिक्षा कार्यक्रम तथा बुटवलमा २५ जना ट्रेड यूनियन सदस्यहरूलाई ट्रेड यूनियन शिक्षा कार्यक्रम सम्पन्न गरिएको।
- ६,८८५ जनालाई नियमित तथा आधारभूत व्यावसायिक तथा सीप विकास तालीम, ११९जनालाई आवासीय महिला सीप विकास तालीम तथा ३७० जनालाई वैदेशिक एवम् युवा स्वरोजगार तालीम प्रदान गरिएको।

**आर्थिक वर्ष २०६९/७० को बजेट बक्तव्यमा उल्लेखित नीति तथा कार्यक्रमको प्रगति**

| बुदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| २० | विप्रेषण आयले गरिबी न्यूनीकरण र आर्थिक सामाजिक सूचकहरूको सुधारमा ठूलो योगदान दिएको छ। विप्रेषण आयलाई पूँजी निर्माणका क्षेत्रमा लगानी गरी देशभित्रै रोजगारीका अवसरहरू सिर्जना गर्ने नीति अख्तियार गरिनेछ। | रोजगार नीति तर्जुमा सम्बन्धी कार्य प्रारम्भ गरिएको। |

## २०. सङ्घीय मामिला तथा स्थानिय विकास मन्त्रालय

**आर्थिक वर्ष २०६९/७० मा सम्पादन भएका मुख्य-मुख्य कार्यहरू**

- स्थानीय निकायको भूमिका र साखलाई उच्च पार्दै, पारदर्शिता, जवाफदेहिता र जनसहभागिता अभिवृद्धि गर्दै, प्रभावकारी सेवा प्रवाहको माध्यमद्वारा स्थानीय स्तरमा जनतालाई आफ्नो नजिकको जिम्मेवार र जवाफदेही सरकारको प्रत्याभूति दिन र समग्र स्थानीय निकायमा सुशासन कायम गर्न जिल्ला विकास समितिका स्थानीय विकास अधिकारी तथा नगरपालिकाका कार्यकारी अधिकृतहरूको सहभागिता एवं सक्रियतामा ११ बुंदे प्रतिबद्धता पत्र, २०६९ जारी गरी कार्यान्वयनमा ल्याइएको।
- जिल्ला विकास समिति, नगरपालिकाको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्यविधिहरूलाई परिमार्जित गरी नतिजामूलक बनाइएको।
- गाउँ विकास समितिमा कार्यसम्पादन मापनका सूचकहरू थप गरिएको।

## २१. संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

### आर्थिक वर्ष २०६९/७० मा सम्पादन भएका मुख्य-मुख्य कार्यहरू

**पर्यटन अभियान वर्षहरूको घोषणाः**

- पर्यटन दूरदृष्टि, २०२० कार्यान्वयनको क्रममा सन् २०१३ देखि २०२० सम्मको लागि विभिन्न पर्यटन क्षेत्रहरूलाई समेट्ने गरी पर्यटन अभियान वर्षहरूको घोषणा गरिएको छ। जस अनुसार सन् २०१३ मा सिस्ने-जलजला-ढोरपाटन र कर्णाली पर्यटन वर्ष, सन् २०१४ मा विदेह-मिथिला र सलहेस पर्यटन वर्ष, सन् २०१५ मा विराट-मेची-पहाडी पर्यटन वर्ष, सन् २०१६ मा रूरू-रेसुगा-पोखरा-अन्नपूर्ण-मनास्लु पर्यटन वर्ष, सन् २०१७ मा सिम्रौन-काठमाडौ-लाङटाङ पर्यटन वर्ष, सन् २०१८ मा अरूण-सगरमाथा पर्यटन वर्ष, सन् २०१९ मा चिसापानी-खप्तड-रामारोशन पर्यटन वर्ष र सन् २०२० मा आन्तरिक भ्रमण तथा नागरिक उड्डयन वर्षका रूपमा मनाउने कार्यक्रम तर्जुमा गरिएको।
- मुलुकको पर्यटकीय सम्भावनाहरूलाई उजागर गर्न र सन्तुलित रूपमा पर्यटकीय सम्पदाहरूको पहिचान, विकास र प्रवर्धन गर्न ७५ वटै जिल्लाहरू समेट्ने गरी १८ वटा पर्यटकीय क्षेत्रहरू घोषणा गरिएको।

**लुम्बिनी भ्रमण वर्ष २०१२ को समापनः**

- नेपाल सरकारले सन् २०१२ लाई लुम्बिनी भ्रमण वर्ष मनाउने निर्णय गरेको थियो। यस क्रममा राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा विभिन्न प्रचारप्रसार र प्रवर्द्धनात्मक कार्यक्रमहरू संचालन गरिए। यस क्षेत्रमा गुरूयोजना अनुरूप पुर्वाधार विकास कार्यलाई व्यापकता दिइएको छ। भ्रमण वर्ष सन् २०१२ मा यस क्षेत्रमा ५,३९,२१० आन्तरिक पर्यटक, १,२०,५८३ भारतीय तथा १,३६,००१ तेस्रो मुलुकका गरी कुल ७,९५,७९४ तीर्थयात्रीहरूले भ्रमण गरेका छन्।

**बिदा पर्यटनः**

- कर्मचारीहरूलाई वर्षमा एक पटक यात्रा सहुलियत (Travel Incentives) दिई मुलुकका विभिन्न गन्तव्यस्थलहरूमा भ्रमण गराई आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यका साथ यो कार्यक्रम आ.व.२०६७/६८ बाट प्रारम्भ गरिएको हो। आ.व.२०६९/७० मा १४० जना कर्मचारी र तिनका परिवारका सदस्यहरूलाई सूचीकृत २१ वटा गन्तव्यहरूमा बिदा पर्यटन मनाउन पठाइएको।

## २२. सहकारी तथा गरिबी निवारण मन्त्रालय

### आर्थिक वर्ष २०६९/७० मा सम्पादन भएका मुख्य-मुख्य कार्यहरू

- गरिबी निवारण सम्बन्धी सार्क मन्त्रीस्तरीय तेस्रो तथा सचिवस्तरीय पाँचौ बैठक सम्पन्न भएको।
- गरिबी निवारण सम्बन्धी मन्त्रालयको अवधारणा-पत्र को मस्यौदा तयार भएको।
- राष्ट्रिय सहकारी नीति, २०६९ जारी भएको।
- बचत तथा ऋण सहकारी अनुगमन सम्बन्धी कार्यविधि मस्यौदा तयार भएको।
- २५ जिल्लामा गरिब घरपरिवार पहिचान र परिचयपत्र व्यवस्थापन तथा वितरणको लागि घरपरिवार गणना कार्य सुचारू रहेको।

**आर्थिक वर्ष २०६९/७० को बजेट बक्तव्यमा उल्लेखित नीति तथा कार्यक्रमको प्रगति**

| बुदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति विवरण |
|---|---|---|
| ४८ | उत्पादन प्रशोधन र वितरणमा सहकारीको भूमिकालाई स्थापित गर्दै बचत तथा ऋण सहकारी संघ सस्थाहरूको प्रभावकारी नियमनको नीतिगत व्यवस्था मिलाएको छ। | • बचत तथा ऋण सहकारी अनुगमन सम्बन्धी कार्यविधि मस्यौदा तयारी गरिएको।<br>• राष्ट्र बैंकका डेपुटी गभर्नरको अध्यक्षतामा बचत तथा ऋण सहकारी संस्थाहरूको अनुगमन गर्न कार्यदल गठन भएको। |

## २३. सहरी विकास मन्त्रालय

**आर्थिक वर्ष २०६९/७० मा सम्पादन भएका मुख्य-मुख्य कार्यहरू**

- डिप ट्यूबवेल आयोजना मर्मत सुधार अन्तर्गत बर्दघाट खानेपानी आयोजना (नवलपरासी), कमैया खानेपानी आयोजना (सर्लाही) र बेलौरी खानेपानी आयोजना (कन्चनपुर) मा कार्य सम्पन्न भई ३८६१७ उपभोक्ताहरू लाभान्वित भएका।
- खानेपानी गुणस्तर सुधार कार्यक्रम अन्तर्गत विदुर खानेपानी गुणस्तर सुधार आयोजना (नुवाकोट), भैमाल गोठाटार खानेपानी गुणस्तर सुधार आयोजना (काठमाडौं), देउराली खानेपानी गुणस्तर सुधार आयोजना (नवलपरासी), पस्थली खानेपानी गुणस्तर सुधार आयोजना (काभ्रे) सम्पन्न भई सो खानेपानी आयोजनाका करिब ४० हजार उपभोक्ताहरूलाभान्वित भएका।
- सिन्धुपाल्चोक जिल्लाको मेलम्ची उपत्यकाका १४ गाउँ विकास समिति तथा काभ्रे जिल्लाको मण्डन उपत्यकाका ५ गाउँ विकास समितिहरूमा सामाजिक उत्थान सम्बन्धी कार्यक्रम संचालन गरिएको।
- ८० वटा आयोजना सम्पन्न भई आधारभूत खानेपानी सेवाबाट थप ७२,८०० जना लाभान्वित भएका।
- CDM Project को सम्भाव्यता अध्ययनको ड्राफ्ट प्रतिवेदन प्राप्त भएको।
- फोहरमैला व्यवस्थापन नियमावली, २०७० स्वीकृत भएको।
- मध्य पहाडी लोकमार्ग र उत्तरदक्षिण कोरिडोरको आसपासमा १० वटा आधुनिक शहर निर्माणको लागि पाँचथर-फिदिम, तेह्रथुम-वसन्तपुर, सिन्धुली-खुर्कोट, धादिङ्ग-वैरेनी-गल्छी, तनँहु-डुम्रे भन्सार, बाग्लुङ्ग-वुर्तिवाङ्ग, रूकुम-चौरहजारी, दैलेख- राकम कर्णाली, अछाम-साँफेबगर, बैतडी-पाटन गरी १० स्थानहरू छनौट गर्ने कार्य शुरू भएको।
- ७ वटा ठूला कोरिडोरहरूको पूर्वाधार विकास (दुहवी-इनरूवा-इटहरी-धरान, विरगंज-जितपुर-सिमरा-पथलैया, पाँचखाल-धुलिखेल-वनेपा-पनौती, पोखरा-लेखनाथ-दुलेगौंडा, कपिलवस्तु-लुम्वीनी-सिद्धार्थनगर-वुटवल, सुर्खेत-दशरथपुर-छिन्चु, अत्तरिया-धनगढी) को कार्यक्रम संचालन गरिएको।
- २१ जिल्लामा (सप्तरी, सिरहा, दोलखा, धादिङ्ग, मकवानपुर, चितवन, गोरखा, तनहू, कास्की, गुल्मी, कपिलवस्तु, अर्घाखाची, दाङ्ग, सुर्खेत, जाजरकोट, दैलेख, बाँके, बर्दिया, प्युठान, कैलाली र डडेलधुरा) जनता आवास कार्यक्रम संचालन गरिएको। हाल सम्म कुल ३९३६ सम्पन्न र १६०० भवनहरूको निर्माण कार्य भइरहेको।
- नारायणहिटी दरवार संग्रहालयभित्र गणतन्त्र स्मारक निर्माण कार्य भइरहेको।
- कीर्तिपुर, गाङ्केल स्थित त्रिभुवन विश्वविद्यालयको हाताभित्र गणतन्त्र स्तम्भ निर्माण शुरू भएको।

## २४. सामान्य प्रशासन मन्त्रालय

**आर्थिक वर्ष २०६९/७० मा सम्पादन भएका मुख्य-मुख्य कार्यहरू**

- निजामती कर्मचारी तालिम नीति, २०६९ को अन्तिम मस्यौदा तयार भएको।
- सबैका लागि तालिम (Training for all\) सम्बन्धी अवधारणापत्र तयार भएको।
- शाखा अधिकृतहरूलाई दिइने सेवा प्रवेश गर्दा दिइने आधारभूत प्रशासनिक प्रशिक्षण (BAT)लाई ६ महिने आवासीय बनाउने सम्बन्धमा अध्ययन प्रतिवेदन पेश भएको।
- प्रशासन सुधार सुझाव समितिको गठन भई सो समितिले सार्वजनिक प्रशासनका क्षेत्रमा तत्काल गर्नुपर्ने सुधारका सम्बन्धमा विभिन्न सुझावहरूसहितको पहिलो प्रतिवेदन पेश गरेको।

## २५. सिंचाई मन्त्रालय

**आर्थिक वर्ष २०६९/७० मा सम्पादन भएका मुख्य-मुख्य कार्यहरू**

**भूमिगत स्यालो तथा डिप ट्यूबवेल सिंचाई आयोजना (APP):**

यस आयोजना अन्तर्गत ४४५० स्यालो ट्यूबवेल निर्माण गरी ११125 हेक्टर जमिनमा सिंचाई पूर्वाधार तयार भएको तथा बाँकी स्यालो ट्यूबवेलहरूको निर्माण कार्य भै रहेको। ७ ओटा डिप ट्यूबवेलको निर्माण कार्य सम्पन्न भएको।

**बागमती सिंचाई आयोजनाः**

यस आयोजनाको सिञ्चित क्षेत्र बिस्तार अन्तर्गत १७ किलोमिटर सेकेन्डरी नहरको निर्माण कार्य सम्पन्न भएको।Command Area Protectionकार्य अन्तर्गत १६,६०० हेक्टर मध्ये ९३०० हेक्टरमा बचाउ तथा संरक्षण कार्य सम्पन्न भएको।

**मझौला सिंचाई आयोजनाः**

क्रमागत ३२९ वटा योजनाहरूनिर्माण कार्य भइरहेको। ६२८ वटा योजनाहरूको अध्ययन कार्य भैरहेको। हाल सम्म १८४ वटा सिंचाई योजनाहरूको निर्माण कार्य पूरा भई २७,८९७ हेक्टर जमिनमा सिंचाईसुविधा पुगेको।

**भेरी बबई डाईभर्सन बहुउद्देश्यीय आयोजनाः**

बाँके र बर्दिया जिल्लाको ६०,००० हेक्टरमा सिंचाई सुविधा उपलब्ध गराउने उद्देश्यले शुरूगरिएको यस आयोजनाको निर्माण कार्यको विस्तृत डिजाईन तथा लागत अनुमान तयार गर्ने कार्य सम्पन्न भएको। १२ किलोमिटर सुरूङ्ग निर्माणको लागि टेण्डर आह्वान गर्ने कार्य शुरू भएको।

**सिंचाई तथा जलश्रोत व्यवस्थापन आयोजना (IWRMP):**

कम्पोनेन्ट ‘A’अन्तर्गतका १३४ वटा योजनाहरूमध्ये ५० वटा सम्पन्न भएको। कम्पोनेन्ट ‘B’ अन्तर्गतका कन्काई, सुनसरी मोरङ्ग, नारयणी सिंचाई तथा महाकाली सिंचाई प्रथम चरणमा ESI कार्य भैरहेको।

**नदी नियन्त्रण कार्यक्रमः**

१४ वटा नदीहरूमा (कन्काइ, रतुवामावा, जलाद, औरहि, रातो, झिम, लखनदेहि, नारायणी, पूर्वि रासी, कर्णाली, दोधारा र महाकाली) नदी किनार बचाव कार्य र तटबन्ध तथा रिभेटमेन्ट निर्माण स्पर निर्माण, नदी च्यानललाई जेशन गर्न कुल ४० किलोमिटर तटबन्ध निर्माण गर्ने लक्ष्य रहेकोमा हालसम्म करिब १० किलोमिटर निर्माण सम्पन्न भएको।

### बस्ती र टार बजार संरक्षण कार्यक्रम

बस्तीटारको संरक्षण गरी क्षति न्यूनिकरण गर्ने उद्देश्यले सञ्चालनमा ल्याइएको यस कार्यक्रम अन्तर्गत ३१ वटा टारबजारको संरक्षण गर्ने कार्य भएको। तटबन्ध निर्माण तर्फ १० किलोमिटर निर्माण सम्पन्न भएको।

## २६. सूचना तथा सञ्चार मन्त्रालय

### आर्थिक वर्ष २०६९/७० मा सम्पादन भएका मुख्य-मुख्य कार्यहरू

- ADB को अनुदान सहयोगमा मन्त्रालयबाट सञ्चालित सासेक सूचना राजमार्ग आयोजना अन्तर्गत धुलिखेल-वनेपा-नेपालथोक-सिन्धुली-ढल्केबरदेखि विराटनगर र वीरगञ्जसम्म अप्टिकल फाइबर विच्छाउने तथा नेपाल, भारत, बंगलादेश र भुटानबीच सूचना हब निर्माण गरी टेलिसेन्टरमार्फत सूचना आदानप्रदान गर्ने कार्यका लागि बोलपत्र स्वीकृत भै ठेकेदार कम्पनी छनौट गरिएको।
- गोरखापत्र संस्थानले गोरखापत्र दैनिकमा समावेशी प्रकाशन अन्तर्गत विभिन्न ३० वटा राष्ट्रिय भाषामा नयाँ नेपाल पृष्ठ प्रकाशन गरिरहेको।
- सरकारी सूचना तथा विज्ञापनको समानुपातिक वितरण प्रणाली सम्बन्धी निर्देशिका, २०६९ जारी भएको।

## २७. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

### आर्थिक वर्ष २०६९/७० मा सम्पादन भएका मुख्य-मुख्य कार्यहरू

- बाल मृत्युदरलाई कम गर्ने लक्ष्यसहित ७५ जिल्लामा रहेका ९ महिनादेखि १५ वर्षमुनिका बालबालिकाहरूलाई दादुरा-रूवेला खोप अभियान सञ्चालन गरिएको।
- ७५ वटै जिल्लामा दुई पटक राष्ट्रिय पोलियो खोप अभियान सञ्चालन गरिएको।
- नया भर्ना भएका तथा तालिम लिन छुटेका महिला स्वास्थ्य स्वयंसेविकाहरूका लागि CBIMCI तालिम समेत सञ्चालन गरिएको।
- सम्भाव्य क्षयरोगीहरूको रक्त परीक्षण गरी DOTS प्रविधिबाट निःशुल्क औषधोपचार गरिएको र २२५ जनालाई MDRTB सम्बन्धी तालिम प्रदान गरिएको।
- "सवैलाई निःशुल्क स्वास्थ्य"भन्ने अवधारणाअनुरूप उपस्वास्थ्य चौकीहरूबाट २५, स्वास्थ्य चौकीहरूबाट ३५, प्राथमिक स्वास्थ्य केन्द्र एवं जिल्ला अस्पतालबाट ४० प्रकारका औषधिहरू निःशुल्क वितरण गरिएको।
- २५ शैयासम्मका जिल्ला अस्पतालसरहका स्वास्थ्य संस्थाहरूबाट निःशुल्क उपचार सेवा एवंसवै सरकारी स्वास्थ्य संस्थाबाट निःशुल्क प्रसूति सेवा प्रदान गरिएको।

# परिच्छेद ६
# समस्या र चुनौतीहरू

- आर्थिक बर्ष २०६९/७० मा समयमै पूर्ण बजेट आउन नसकेका कारण गत वर्षकै नीति, कार्यक्रम र आयोजनाहरू मात्र सञ्चालन गर्नुपरेकोले नयाँ नीति तथा कार्यक्रमहरू कार्यान्यिनमा आउन नसक्नु।
- आर्थिक बर्ष २०६८/६९ को यथार्थ खर्चलाई मुख्य आधार मानी आर्थिक बर्ष २०६९/७० को बजेट निर्माण गर्नु परेकोले आर्थिक वर्ष २०६८/६९ को बजेट विनियोजनको तुलनामा आर्थिक वर्ष २०६९/७० को बजेट विनियोजन ५ प्रतिशतले मात्र वृद्धि भएकोले वित्त आधार (Fiscal Space) नै साँघुरो हुनु।
- समयमा पूर्ण बजेट आउन नसक्दा कार्यक्रम स्विकृति, ठेक्का पट्टा लगायतका काममा ढिलाइ हुन गई पूँजीगत खर्चमा वृद्धि हुन नसक्नु।
